# प्रभाव दैनिक
National Daily


पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३८ | काठमाडौं | शनिबार, १७ जेठ २०८२ | Prabhab National Daily | Saturday, May 31, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## १५ दिनअघि नै भित्रियो मनसुन

### जेठ १८ देखि असोज १४ सम्मको अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना



**काठमाडौं (प्रस)**- मुलुकमा सरदर मितिभन्दा १५ दिन छिटो मनसुन प्रवेश गरेको छ । जल तथा मौसम विज्ञान विभागले शुक्रबार विज्ञप्ति जारी गरी यस वर्षको मनसुन बिहीबार रातिबाट नेपालको पूर्वबाट प्रवेश गरी कोशी प्रदेशका अधिकांश भू-भागमा विस्तार भएको जानकारी दिएको छ ।

मनसुनका कारण कोशी प्रदेशका अधिकांश मौसम केन्द्रमा हल्कादेखि मध्यम मनसुनी वर्षा भएको विभागले जनाएको छ । विभागका महानिर्देशक कमलराम जोशीले नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ रहे पनि मे २९ मा नै नेपालमा मनसुन भित्रिएको जानकारी दिए ।

'नेपालका अन्य भू-भागहरूमा मनसुनको प्रभाव विस्तार हुन अझै केही समयमा लाग्ने देखिन्छ । हाल देशको बाँकी भू-भागमा भने पश्चिमी वायु र स्थानीय वायुको प्रभाव यथावत् देखिन्छ,' उनले भने । मौसम पूर्वानुमान महाशाखाले मौसमको अवस्थाको निरन्तर अनुगमन गरिरहेको र सोहीअनुसार नियमितरूपमा मौसम सूचना अद्यावधिक गर्दै जाने जोशीले जानकारी दिए ।

विभागले आगामी मनसुनमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेको छ । विभागले शुक्रबार सार्वजनिक गरेको आगामी मनसुनको हावा पानी आकलनअनुसार यही जेठ १८ देखि असोज १४ सम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जानकारी दिएको छ ।

'यस ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना छ । कर्णाली प्रदेशको पूर्वी भू-भाग, लुम्बिनी प्रदेशको उत्तरी भू-भाग र गण्डकी प्रदेशको अधिकांश भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ प्रतिशतदेखि ६५ प्रतिशत छ,' उनले भने, 'सुदूरपश्चिम प्रदेशको दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशको पश्चिमी भू-भाग, गण्डकी प्रदेशको उत्तर-पूर्वी भू-भाग, बागमती

क्रमशः पृष्ठ २ मा



> मनसुन पूर्वबाट प्रवेश गरी कोशी प्रदेशका अधिकांश भू-भागमा विस्तार भएको छ । अन्य भू-भागमा मनसुनको प्रभाव विस्तार हुन अझै केही समयमा लाग्ने देखिन्छ । हाल देशको बाँकी भू-भागमा भने पश्चिमी वायु र स्थानीय वायुको प्रभाव यथावत् देखिन्छ ।
>
> **कमलराम जोशी**
> महानिर्देशक, जल तथा मौसम विज्ञान विभाग

## विपक्षी बटमलाइन: गृहमन्त्रीको राजीनामा र छानबिन

■ **जेबी योञ्जन**

**काठमाडौं**- गृहमन्त्री रमेश लेखकको राजीनामा र उनी मुछिएको भिजिट भिसाको नाममा भएको मानव तस्करी प्रकरणबारे छानबिन गर्न उच्चस्तरीय समिति गठनलाई विपक्षी दलहरूले 'बटमलाइन' बनाएका छन् । यी दुवै माग सम्बोधन नहुञ्जेलसम्म संसद् बैठक चल्न नदिने अडानमा विपक्षी दलहरू छन् । यसबाट सभामुख देवराज घिमिरेलाई अप्ठेरो परेको छ ।

उनले शुक्रबार संसद्मा प्रतिनिधित्व गर्ने दलका प्रमुख सचेतकहरूसँग छलफल गरेका छन् । तर, विपक्षी दलहरू अडानबाट पछि हटेनन् । छलफलमा सहभागी नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले सभामुख घिमिरेलाई अडानबाट पछाडि नहट्ने भनिएको बताए ।

'देश, जनता र संविधानविरोधी गतिविधिलाई मध्यनजर गरेर हामीले हिजो अवरोध हटाएका हौं । हाम्रो अडान कायमै छ । यो मानव तस्करी र भ्रष्टाचारसँग सम्बन्धित छ,' उनले प्रभावसँग भने, 'करेक्सन नगरी हामी अडानबाट ब्याक हुँदैनौं भनेका छौं । यो विषय सदनमा उठाउँछौं । अब बाँकी काम सरकार हो ।'

भिजिट भिसाको नाममा भएको मानव तस्करी प्रकरणमा मुछिएका गृहमन्त्री लेखकमाथि राजीनामाको चौतर्फी दबाब परेको छ । विपक्षी दलहरूमात्रै होइन, उनकै दल कांग्रेसभित्रबाट पनि लेखकलाई राजीनामा दिएर अनुसन्धानका लागि मार्गप्रशस्त गर्न दबाब बढेको छ । तर, लेखक राजीनामा दिन तयार भएका छैनन् । शुक्रबार नै बसेको माओवादी पदाधिकारी बैठकमा गृहमन्त्री लेखकको राजीनामा प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाका कारण रोकिएको विषय उठेको छ । दुई नेताले गृहमन्त्री लेखकलाई राजीनामा नदिन निर्देशन नदिएको भए बजेटअघि नै उनी पदबाट अलग हुन्थे भन्ने माओवादीको विश्लेषण छ ।

'भिजिट भिसा प्रकरणमा गृहमन्त्रीजी जसरी मुछिनुभयो, उहाँविरुद्ध नैतिक प्रश्न उठ्यो र उहाँ राजीनामा दिन तयार भइसक्नुभएको थियो,' बैठकमा सहभागी एक नेताले भने, 'तर, बालुवाटारमा प्रधानमन्त्री केपी ओली र शेरबहादुर देउवासहित बसेको बैठकले रोकियो ।

क्रमशः पृष्ठ २ मा



> हाम्रो अडान कायमै छ । यो मानव तस्करी र भ्रष्टाचारसँग सम्बन्धित छ । करेक्सन नगरी हामी अडानबाट 'ब्याक' हुँदैनौं भनेका छौं ।
>
> **हितराज पाण्डे**
> प्रमुख सचेतक, नेकपा माओवादी केन्द्र



> रास्वपासहित सबै विपक्षी दल आन्दोलनमा छौं । आन्दोलनको माग सम्बोधन नभएसम्म हामी सदन अगाडि बढाउन सक्दैनौं ।
>
> **सन्तोष परियार**
> प्रमुख सचेतक, रास्वपा



> बजेट प्रस्तुत गर्नुमात्रै होइन कि पारित गर्नुपर्ने संवैधानिक दायित्वभित्र पर्छ, त्यो कुरा उहाँहरूले बोध गर्नुहुन्छ भन्ने विश्वास गरेका छौं ।
>
> **श्यामकुमार घिमिरे**
> प्रमुख सचतेक, नेपाली कांग्रेस



- गृहमन्त्री रमेश लेखकको राजीनामा र उच्चस्तरीय छानबिन समिति माग, नभए संसद् चल्न नदिने चेतावनी
- सभामुख देवराज घिमिरेलाई अप्ठेरो, सहमति जुटाउन सक्रिय

### बन्यो संसद् बैठकको क्यालेण्डर

कार्यव्यवस्था परामर्श समितिले प्रतिनिधिसभा बैठकको क्यालेण्डर तयार गरेको छ । जेठ २० गतेदेखि असार १५ गतेसम्म १९ दिन बस्नेगरी समितिले क्यालेण्डर तयार गरेको हो ।

क्यालेण्डरअनुसार जेठमा २०, २१, २२, २३, २५, २६, २७, २८, २९ र ३० गते बैठक बस्ने छ । असारमा १, २, ३, ४, ५, ६, १०, ११ र १२ गते बैठक बस्ने भएको छ । तर, विपक्षी दलहरूले बैठक चल्न नदिने चेतावनी दिइसकेका छन् ।

**सन्दर्भ: वैदेशिक रोजगार**

## आगामी बजेटबाट वैदेशिक रोजगार व्यवसायी निराश

### वैदेशिक रोजगार व्यवसायलाई हेर्ने नजर नफेरिएको गुनासो

> वैदेशिक रोजगारीले देशको अर्थतन्त्रमा ३३ प्रतिशत योगदान गर्दै आएको छ । त्यति हुँदाहुँदै व्यवसायलाई हेर्ने सरकारको नजर परिवर्तन भएको देखिएन । त्यसकारण हामी व्यवसायीहरु अत्यन्तै दुःखी छौं ।
>
> **देवकुमार खोखाली**
> द्वितीय उपाध्यक्ष
> नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

> चिया गफमा देशको अर्थतन्त्रको मेरूदण्ड नै वैदेशिक रोजगार हो भनेर मुक्तकण्ठले प्रशंसा गर्नुहुन्छ । देशमा रोजगारी सिर्जना नभएसम्म वैदेशिक रोजगार अपरिहार्य छ भन्नुहुन्छ । तर नीति नियम बनाउँदा उपेक्षा गर्नुहुन्छ ।
>
> **मेघनाथ भुर्तेल**
> निवर्तमान महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

■ **प्रभाव संवाददाता**

**काठमाडौं**- सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा वैदेशिक रोजगार व्यवसायलाई उपेक्षा गरेको व्यवसायीहरूले बताएका छन् । आगामी बजेटले यस व्यवसायलाई मर्यादित, सुरक्षित र विश्वसनीय बनाउने खालका कार्यक्रमहरू नसमेटेको भन्दै असन्तुष्टि व्यक्त गरेका हुन् । सरकारले सार्वजनिक गरेका अन्य कार्यक्रमहरू पनि विगतकै निरन्तरता भएकाले उत्साहित हुनुपर्ने केही नरहेको व्यवसायीहरूको भनाइ छ ।

यसपालिको बजेटमा व्यवसायी, वैदेशिक रोजगारमा जाने र फर्किएका कामदारका लागि केही पनि कार्यक्रम नभएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान महासचिव मेघनाथ भुर्तेलले बताए । अहिलेमात्र नभएर वैदेशिक रोजगारीसँग सम्बन्धित ऐन, कानुन नै विभेदकारी ढंगले बनाइएको उनको भनाइ छ । राज्यले व्यवसायीलाई फरक ग्रहबाट आएका प्राणीजस्तो व्यवहार गरेको कुरालाई यो बजेटले पुष्टि गरेको उनले बताए । 'चिया गफमा राजनीतिकर्मीदेखि ब्युरोक्रयाट्स (कर्मचारी)हरूले देशको



मेरुदण्ड नै वैदेशिक रोजगार हो भनेर मुक्तकण्ठले प्रशंसा गर्नुहुन्छ । देशमा रोजगारी सिर्जना नभएसम्म वैदेशिक रोजगार अपरिहार्य छ भन्नुहुन्छ । तर नीति नियम बनाउँदा उपेक्षा गर्नुहुन्छ,' भुर्तेलले भने ।

मुलुकको अर्थतन्त्रमा ठूलो योगदान गरिरहेको व्यवसायलाई सरकारले हेर्ने नजर सकारात्मक नदेखिएको संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले बताए । 'वैदेशिक रोजगारीले देशको अर्थतन्त्रमा ३३ प्रतिशत योगदान गर्दै आएको छ । त्यति हुँदाहुँदै व्यवसायलाई हेर्ने सरकारको नजर परिवर्तन भएको देखिएन । त्यसकारण हामी व्यवसायीहरू अत्यन्तै दुःखी छौं,' उनले भने । बजेटमा समावेश अन्य कार्यक्रम नियमितभन्दा फरक नरहेको उनको भनाइ छ ।

सरकारले वैदेशिक रोजगारीको क्षेत्रलाई कुनै पनि शीर्षकमा सम्बोधन नगरी पारम्पारिक र अव्यावहारिक बजेट ल्याएको ओभरसिज इम्प्लोइमेन्ट प्रालिका अख्तर हुसेनले बताए । वैदेशिक रोजगार सरकारको प्राथमिकतामा नहुनु स्वाभाविक भए पनि कतै पनि सम्बोधन नगरेर सरकारले पक्षपात गरेको उनको भनाइ छ । 'अर्थतन्त्र धानेको व्यवसायलाई कम्तीमा सेवा शुल्क तोक्नुपर्थ्यो । सेवा शुल्क नतोकेर यो क्षेत्र पूरै लथालिंग छ,' हुसेनले भने ।

क्रमशः पृष्ठ २ मा




# सुर्तीजन्य पदार्थ नियन्त्रणमा स्थानीय सरकार जिम्मेवार बन्नुपर्ने




**काठमाडौं (प्रस)**– सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनमा स्थानीय सरकार जिम्मेवार बन्नुपर्ने सुझाव विज्ञहरूले दिएका छन् । शुक्रबार काठमाडौं महानगरपालिका-७, स्वास्थ्य मन्त्रालय र हेल्थ टुडेद्वारा संयुक्तरूपमा आयोजित 'सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनसम्बन्धी सरोकारवालाहरूबीच अन्तर्क्रिया' कार्यक्रमका सहभागीहरूले यस्तो बताएका हुन् ।

उक्त अन्तर्क्रियामा स्वास्थ्य तथा जनंख्या मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले सुर्तीजन्य पदार्थ नियन्त्रण एवं नियमन संघीय सरकारको प्रयासले मात्र सम्भव नहुने बताए । स्थानीय सरकारले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।

नेपालमा नसर्ने रोगको बढ्दो प्रकोपका कारणमध्ये सुर्तीजन्य पदार्थको सेवन प्रमुख भएको बताउँदै डा. केसीले कानुनले सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ सेवन निषेध गरे पनि व्यवहारमा पालना हुन नसकेको औंल्याए ।

सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थको सेवनमा रोक लगाउन स्थानीय सरकारले कदम चाल्नुपर्ने र यसले धेरै हदसम्म कानुन कार्यान्वयन हुने डा. केसीको भनाइ छ । उनले भने, 'नेपालमा वर्सेनि ३० हजार मानिसको मृत्युको कारण सुर्तीजन्य पदार्थ सेवन हो । यो तथ्यांकमा सबैले ध्यान दिन आवश्यक छ ।'

नेपाल विकास अनुसन्धान प्रतिष्ठानका अनुसन्धान विज्ञ डा. जयकुमार गुरुङले सुर्तीजन्य पदार्थमा करको दर बढाउनुपर्नेमा आगामी आर्थिक वर्षका लागि ल्याइएको बजेटमा एकदमै न्यूनरूपमा कर बढाएकोमा आपत्ति जनाए । डा. गुरुङले खुद्रा व्यापारीले अनिवार्यरूपमा वडामा दर्ता गराएर मात्र सुर्तीजन्य पदार्थ बिक्री गर्ने व्यवस्था गर्नुपर्ने र सार्वजनिकस्थलको १०० मिटर दूरीभित्र स्थानीय निकायले बेचबिखन गर्न दिन नहुनेमा जोड दिए ।

डा. गुरुङले भने, 'काठमाडौं महानगरपालिकाका सबै वडाहरूले एकीकृत रणनीतिक योजना बनाएर अगाडि बढ्नुपर्छ ।' उनले इलाम नगरपालिका र वालिङ नगरपालिकाले उत्कृष्ट काम गरेको उदाहरण प्रस्तुत गर्दै कामपाले पनि गर्न सक्ने बताए ।

काठमाडौं महानगरपालिका-७ का वडा अध्यक्ष विमलकुमार होडाले आफू चार दशकदेखि सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनमा सक्रिय भइरहेको बताए । सरकारले बन्द भएको जनकपुर चुरोट कारखाना फेरि खोल्ने बजेटमार्फत गरेको घोषणाको विरोध गर्दै वडाध्यक्ष होडाले चुरोट कारखाना खोल्नेभन्दा औषधि कम्पनी खोल्नुपर्नेमा जोड दिए । सुर्तीजन्य पदार्थ नियन्त्रणमा आफ्नो वडालाई नमूना वडाको रूपमा विकास गर्ने होडाले दाबी गरे ।

## पृष्ठ १ बाट क्रमशः

### विपक्षी...

नत्र उहाँको राजीनामा बजेटअघि नै आइसक्थ्यो ।' लेखक कांग्रेसमा सुशासनको नारा चर्को लगाउने नेता हुन् । ११ महिनाअघि सुशासन कायम गर्ने विषयगत मन्त्रालय गृहको नेतृत्वमा उनी पुगे । तर, उनी यतिबेला भिजिट भिसाको नाममा भएको मानव तस्करी प्रकरणमा मुछिएका छन् । यही कारण राजीनामाका लागि उनीमाथि दबाब परेको हो । अब भने विपक्षी दलहरूले उनको राजीनामा र उच्चस्तरीय समिति गठनलाई बटमलाइन बनाएका छन् ।

प्रतिपक्षीमध्येकै अर्को दल राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले त काम गर्न बाहिर गएका आमनागरिकलाई दुःख दिने, मानव तस्करसँगसम्म जोडिएको घटनामा सरकार गम्भीर भएको भन्दै आपत्ति जनाए । उनले यही अवस्थामा संसद् बैठक चल्न नदिने उल्लेख गरे । 'उहाँहरूले केही भएको छैन भन्दै नियमित प्रक्रियाबाट जान खोज्दै हुनुहुन्छ । हामीले आफ्नो कुरा राखेका छौं । हिजो जिम्मेवारीबोध गरेर छाडेका हौं,' उनले भने, 'रास्वपासहित सबै विपक्षी दल आन्दोलनमा छौं । आन्दोलनको माग सम्बोधन नभएसम्म हामी सदन अगाडि बढाउन सक्दैनौं ।' उनले गृहमन्त्रीको राजीनामा, प्रधानमन्त्रीको जवाफ र उच्चस्तरीय छानबिन आयोगको मागबाट आफूहरू पछि नहटेको बताए ।

गृहमन्त्री लेखककै दल कांग्रेसका नेता शेखर कोइरालाले लेखकलाई नैतिकताको आधारमा राजीनामा दिएर छानबिनका लागि मार्गप्रशस्त गर्न सुझाव एक साता बित्यो । उनले अध्यागमनको भिजिट भिसा प्रकरणमा संलग्नता भएको विषय उठिसकेपछि आफूलाई सही साबित गर्न पनि छानबिन हुन जरुरी रहेको बताए । कांग्रेस महामन्त्री गगन थापाले पनि अनुसन्धानमा तनिएपछि राजीनामा दिनुपर्ने बताएका थिए । यद्यपि, गृहमन्त्री लेखक टसमस भएका छैनन् ।

उनको दल कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले पनि संसद्मा बजेट प्रस्तुत भइसकेकाले विपक्षी दलहरूबाट विभिन्न माग राखेर अवरुद्ध गर्ने विश्वास नलागेको बताए । 'सदनमा बजेट प्रस्तुत गर्नको लागि उहाँहरूले सहजीकरण गर्नुभयो । संवैधानिक दायित्व पूरा गर्ने कुरामा उहाँहरूले जिम्मेवारी बोध गर्नुभयो,' सभामुखसँगको बैठकपछि उनले पत्रकारहरूसँग भने, 'बजेट प्रस्तुत गर्नुमात्रै होइन कि पारित गर्नुपर्ने संवैधानिक दायित्वभित्र पर्छ, त्यो कुरा उहाँहरूले बोध गर्नुहुन्छ भन्ने विश्वास गरेका छौं ।'

गृहमन्त्री लेखक र उनको सचिवालयमाथि 'भिजिट भिसा'मार्फत मानव तस्करीमा संलग्न रहेको आरोप लागेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत भिजिट भिसामा जाने युवाबाट रकम असुली गरिएको प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अध्यागमन कार्यालयका प्रमुख सहसचिव तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । यो प्रकरणमा कम्तीमा १४ कर्मचारी आयोगको छानबिनमा परेका छन् । त्यसपछि गत शुक्रबार गृह मन्त्रालयले उनीहरूलाई जिम्मेवारीबाट हटाएको थियो । गृहमन्त्रीको मञ्जुरीविना यस्तो काम हुननसक्ने भन्दै धेरैले गृहमन्त्री लेखकमाथि यसअघिदेखि नै छानबिन थाल्नुपर्ने दबाब दिइरहेका छन् ।

तर, गृहमन्त्री लेखकले भिजिट भिसा प्रकरणमा आफ्नो संलग्नता अस्वीकार गरिसकेका छन् । आफूविरुद्ध नियोजित र षडयन्त्रमूलक ढंगबाट झूठा प्रचारवाजी भइरहेको भन्दै उनले अस्वाभाविकरूपमा खण्डन गर्दै आएका छन् । उनले यसअघि यही १३ जेठमा संसद्बाटै भिजिट भिसा प्रकरणबारे प्रष्टीकरण दिन चाहेका थिए । तर, माओवादी र रास्वपालगायत दलको विरोधपछि उनले सम्बोधन गर्न पाएनन् । त्यसपछि पत्रकार सम्मेलन गरेर उनले आफूविरुद्धको आरोप अस्वीकार गरेका थिए ।

■■■

### १५ दिनअघि ...

र कोशी प्रदेशको उत्तरी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ प्रतिशतदेखि ५५ प्रतिशत छ ।' त्यसैगरी मधेस प्रदेशका पूर्वी तथा दक्षिणी भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत छ भने देशका बाँकी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत रहेको जोशीले बताए ।

■■■

### आगामी...

'सरकारको नियत वैदेशिक रोजगार व्यवसायलाई सहजीकरण नगर्ने अनि अहिले भिजिट भिसा, भ्रष्टाचार जे-जे सुनिरहेका छौं उसलाई पक्षपोषण गर्ने हो ।'

मुलुकमा रोजगारीका पर्याप्त अवसर नहुँदा युवाहरू वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्था छ । चालु आर्थिक वर्षको १० महिनामा छ लाख ८५ हजारभन्दा बढी युवा रोजगारीका लागि विदेसिएका छन् । मुलुकमा वार्षिक १४ खर्ब रूपैयाँको हाराहारीमा रेमिटचान्स भित्रँदै आएको छ । चालु आवको नौ महिनामा ११ खर्ब ९१ अर्ब रूपैयाँभन्दा बढी रेमिटचान्स मुलुक भित्रिसकेको छ । अर्कोतर्फ वैदेशिक रोजगारीमा जानेहरू चर्को लागत, ठगीजस्ता समस्यामा पर्ने गरेका छन् । रोजगारीमा जानेको समस्यालाई सम्बोधन गर्ने कार्यक्रम यसपटकको बजेटमा नसमेटिएको व्यवसायीहरू बताउँछन् ।

अर्थमन्त्री विष्णु पौडेलले बिहीबार संघीय संसद्मा प्रस्तुत गरेको बजेटमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई चार अर्ब २८ करोड रूपैयाँ विनियोजन गरिएको छ । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा आधाले कम हो । आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखेको सरकारले वैदेशिक रोजगारीको क्षेत्रमा व्यवसायीले विगतदेखि उठाउँदै आएका सेवा शुल्कलगायतका माग सम्बोधन गर्ने योजना समावेश नगरिँदा अव्यावहारिक बजेट आएको भन्दै उनीहरू निराश भएका छन् ।

## नाम परिवर्तन सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१७**

यस कम्पनीको मिति २०८२/०२/०४ को साधारणसभा र विशेष साधारण सभा र सञ्चालक समितिको निर्णय बमोजिम कम्पनी **कनेक्ट लिड**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व **आर.एम.एस. अल्फा (परिवर्तित नाम)** कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रा कार्यालयको मिति २०८२/०२/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी आर.एम.एस. अल्फा (प्रा. लि. नं. ६०००२६०३१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जनकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/१७**

**देउली पब्लिक एकेडेमी**को मिति २०८२/०२/०७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जनता विद्या मन्दिर (दर्ता नं.: १३१०५९)** कायम गर्ने गरी मिति २०८२/०२/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## युएइ/कतारमा रोजगार

कम्पनी : MEHBOB ALWSAL TECHNICAL SERVICES EST

पूर्व स्वीकृति मिति : २०८१/११/११ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०२/१६ LT. No. 319319 चलानी नं. ६०२३३५२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 5 | 0 | 1200 | ४४,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Buiding Painter | 5 | 0 | 1200 | ४४,७१२ | | | | | | | |
| 3 | Carpenter (Building) | 5 | 0 | 1200 | ४४,७१२ | | | | | | | |
| 4 | ELECTRICIAN TECHNICIAN | 5 | 0 | 1200 | ४४,७१२ | | | | | | | |
| 5 | Plumber | 7 | 0 | 1200 | ४४,७१२ | | | | | | | |
| 6 | Plumber (Helper) | 7 | 0 | 1200 | ४४,७१२ | | | | | | | |
| 7 | Steel Fixer (Semi-Skilled) | 5 | 0 | 1200 | ४४,७१२ | | | | | | | |
| 8 | stone / brick assistant | 8 | 0 | 1200 | ४४,७१२ | | | | | | | |

कम्पनी : AL ALEE FOR SERVICES AND MAINTENANCE

पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०२/१६ LT. No. 324821 चलानी नं. ६०२३८७५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | public area attend/cleaner | 131 | 0 | 1000 | ३७,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१२/०१ मा दर्ता भएको **प्रा.लि. नं. १८५७१३/०७४/०७५** को **डिजाइन प्लेटफर्म प्रा. लि.** को मिति २०८२/०२/१६ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०३/१७ मा दर्ता भएको **प्रा.लि. नं. १२४०४० को गृहलक्ष्मी प्रा.लि.** को मिति २०८२/०२/१६ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०३/०१ मा दर्ता भएको **प्रा.लि. नं. १९१७४५** को **ओस्टियोलाइफ थाइराइड हेल्थकेयर प्रा.लि.** को मिति २०८२/०२/१६ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/१७**

यस कम्पनीको मिति २०८१/१२/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **हितोमी इडुकेशनल कन्सल्टेन्सी** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आक्कोला जापानिज कन्सल्टेन्सी** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आक्कोला जापानिज कन्सल्टेन्सी** (**प्रा.लि.नं.३०१५५१**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Euro Tech Consultancy Pvt. Ltd. (Darshan Overseas Pvt. Ltd.)** (ई.प.नं. ५६७/०६२/०६३) मा कार्यरत **तिलीसरा थापा** (**ना.प्र.प्र.नंः** ४२२०२६/२९७) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम इजाजत नं. ५६७/०६२/०६३

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **JASSIM TRADING & SERVICES PVT. LTD.** इजाजत नम्बर **332/059/060** कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| S.NO. | NAME | CITIZANSHIP NO |
|---|---|---|
| 1 | MANOJ ROKKA | 301042-167021 |
| 2 | GAYATRI BASNET | 19-02-74-05477 |
| 3 | HARI LAL SARDAR | 3933 |

Jassim Trading & Services Pvt. Ltd.
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np
Govt. License No: 332/059/060

## आजको राशिफल

आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, १७ जेठ, २०८२

| | |
|---|---|
| मेष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| सिंह | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| धनु | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| मकर | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| कुम्भ | सुखद समाचारले उत्साह जगाउनेछ । |
| मीन | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ जेठ, २०८२ (३१ मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.५२ | १३७.१२ |
| युरो | १ को | १५४.०७ | १५४.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | १८३.८६ | १८४.६७ |
| स्विस फ्रैन्क | १ को | १६४.९६ | १६५.६८ |
| अस्ट्रेलियन डलर | १ को | ८७.८७ | ८८.२६ |
| क्यानाडियन डलर | १ को | ९८.७० | ९९.१४ |
| सिङ्गापुर डलर | १ को | १०५.८४ | १०६.३० |
| जापानी येन | १० को | ९.४२ | ९.४६ |
| चिनियाँ युआन | १ को | १८.९९ | १९.०७ |
| साउदी अरब रियाल | १ को | ३६.३९ | ३६.५५ |
| कतारी रियाल | १ को | ३७.४६ | ३७.६२ |
| थाई भाट | १ को | ४.१७ | ४.१९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१७ | ३७.३३ |
| मलेसियन रिङ्गेट | १ को | ३२.१७ | ३२.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.९३ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १४.१७ | १४.२३ |
| डेनिस क्रोनर | १ को | २०.६६ | २०.७५ |
| हङकङ डलर | १ को | १७.४१ | १७.४९ |
| कुवेती दिनार | १ को | ४४४.६० | ४४६.५६ |
| बहराइन दिनार | १ को | ३६२.१२ | ३६३.७१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**राउटेको हस्तशिल्प** | नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानको आयोजनामा जारी 'राष्ट्रिय ललितलकला प्रदर्शनी २०८२'का अवसरमा शुक्रबार काठमाडौंको नक्सालमा काठका सामग्री बनाउँदै राउटेद्वय । राउटे समुदायका मानिसले पहिलेपटक काठमाडौंमा हस्तशिल्प प्रदर्शन गरेका हुन् ।
*तस्बिर: रासस*

# संसदीय कार्य प्रभावकारिताबारे अनुगमन गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय संसद्को संसदीय सुनुवाइ समितिले आफ्ना कामकारबाहीलाई चुस्त र व्यवस्थित तुल्याउँदै अझ समृद्ध बनाउने सन्दर्भमा सरोकारवाला निकायसँग परामर्श गर्ने भएको छ । समितिको शुक्रबारको बैठकले त्यस सिलसिलामा संसदीय सुनुवाइ गरी पठाएका व्यक्तिबाट भएका कार्यसम्पादन र संसदीय प्रभावकारिताबारे स्थलगतरूपमै अनुगमन गरी जानकारी लिने निर्णय पनि गरेको छ ।

समितिले विषयविज्ञ र सुनुवाइ गरी पठाएका व्यक्तिले प्रस्तुत गरेको कार्ययोजना र अवधारणामार्फत गरिएका प्रतिबद्धता के-कति कार्यान्वयन भए-भएनन् त्यसको जानकारी लिइने सभापति ईश्वरी न्यौपानेले बताइन् ।

संवैधानिक परिषद्, न्याय परिषद् र सरकारद्वारा विभिन्न सार्वजनिक पदमा नियुक्ति गरी संसदीय सुनुवाइका लागि पठाइएका राजदूत, सर्वोच्च अदालतका



न्यायाधीश र सवैधानिक परिषद्का पदाधिकारीको समितिले सुनुवाइ गर्दै आएको छ ।

मुख्य जिम्मेवारी संसदीय सुनुवाइ नै भएकाले सुनुवाइका क्रममा उठेका प्रश्नको सम्बोधन र समितिलाई थप व्यवस्थित र चुस्त तुल्याउन सरोकारवालासँगको परामर्शलाई अघि बढाइएको उनले जानकारी दिइन् । सभापति न्यौपानेले भनिन्, 'संसदीय सुनुवाइका क्रममा गरिएका प्रतिबद्धता पूरा गर्न के-कस्ता चुनौती भोग्नुपर्‍यो, कस्ता बाधा अड्चन आए त्यस विषयमा उनहरूसँग अन्तर्क्रिया गरिने छ ।'

समितिले जिल्ला निर्वाचन कार्यालयमा के-कस्ता समस्या छन्, सुनुवाइ समितिका लागि लिइने उजुरी दर्ता गर्न के-कस्ता अप्ठ्यारो परेको छ वा छैन भनी सातै प्रदेशमा गएर अनुगमन गर्ने छ । त्यस सिलसिलामा यस आर्थिक वर्षमा गण्डकी प्रदेशको पोखरामा प्रदेससभा, मुख्यमन्त्रीको कार्यालय, जिल्ला प्रशासन कार्यालयमा गई आवश्यक जानकारी र सुझाव लिने तथा अन्तर्क्रिया गर्ने तयारी गरेको जानकारी दिइएको छ ।

समितिलाई कामयावी, प्रभावकारी र परिणाममुखी बनाउने सन्दर्भमा जनताले कसरी हेरेका छन् भन्ने सन्दर्भमा समितिले यस किसिमको कार्ययोजना अघि सारेको छ । समितिले विदेशस्थित दूतावासमासमेत गएर अवलोकन र जानकारी लिने बताइएको छ ।

## नारायणहिटी दरबार संग्रहालय क्षेत्रमा निषेधाज्ञा जारी



**काठमाडौं (प्रस)–** जिल्ला प्रशासन कार्यालय काठमाडौंले नारायणहिटी दरबार संग्रहालय क्षेत्रमा निषेधाज्ञा जारी गरेको छ । प्रशासनले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएको हो ।

प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले आज जेठ १७ देखि २४ गतेसम्मका लागि पाँच जनाभन्दा बढी व्यक्ति भेला भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभाजस्ता विरोधका कार्यक्रम गर्न निषेध गरिएको बताए । उनका अनुसार केशरमहल चोकबाट नारायणहिटी दरबार संग्रहालयको दक्षिण गेटहुँदै जयनेपाल मोडसम्म र महेन्द्र सालिक हुँदै नारायणहिटी दरबार संग्रहालयको दक्षिण गेटसम्म निषेधको आदेश गरिएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ (क) बमोजिम जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिसका आधारमा यसअघि तोकिएका निषेधका क्षेत्रका अतिरिक्त उक्त आदेश जारी गरिएको उनले बताए ।

### सच्याईएको सूचना

मिति २०८२/०२/१४ मा डिभिजन वन कार्यालय रौतहटको दोस्रो पटक प्रकाशित सुचनामा २०८२/०२/१४ गते हुनु पर्नेमा प्राविधिक कारणले अन्यथा हुन पुगेकोले सच्याइएको छ ।

### सच्याइएको

२०८२ जेठ १६ गते प्रकाशित यस प्रभाव दैनिकको वर्ष १२ अंक ३७ मा प्रकाशित खाँडाचक्र नगरपालिका नगर कार्यपालिकाको कार्यालय मान्म, कालिकोटद्वारा प्रकाशित गरिएको **खाँडाचक्र नगरपालिका क्षेत्रभित्र अव्यावस्थित तिलाकर्णाली नदीको बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रूपले ढुंगा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन् तथा संकलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण ९क्षभ्०० प्रतिवेदन तयारी सम्बन्धी सात (७) दिने सूचना को (प्रथम प्रकाशित मिति २०८२/०२/१६)** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

### पूर्व अरनीको यातायात प्रा.लि. को
### जगेडा (मौज्दात) शेयर खरिद गर्न तथा शेयर वापतको रकम भुक्तानी गर्ने सम्बन्धी
### सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०२।१४**

यस पूर्व अरनीको यातायात प्रा.लि. नेपाल सरकारको निर्णय अनुसार साविकको अरनीको यातायात सेवा समितिबाट प्राईभेट लिमिटेड कम्पनीमा रूपान्तरित कम्पनी हो । साविक समितिमा आवद्ध रही हाल रूपान्तरित कम्पनीमा सवारी साधन पंजिकृत गरी सार्वजनिक यातायात सेवा संचालन गरिरहेका व्यवसायी तथा सदस्यलाई प्राथमिकताका साथ कम्पनीमा शेयर खरिद गराउन एवं कम्पनीको नियमित संचालनका लागि आवश्यक चुक्ता शेयर पूँजीको व्यवस्था मिलाउन यस अघि पनि कम्पनीको नाममा जगेडा(मौज्दात)मा रहेको साधारण शेयर विक्रि गर्ने सम्वन्धमा विशेष व्यवस्था मिलाईएको अवगतै छ । उक्त सूचनाका आधारमा अधिकांश मौजुदा शेयरधनी, साविक समितिका सदस्य तथा कम्पनीमा सवारी साधन पंजिकृत गरी सार्वजनिक यातायात सेवा संचालन गरिरहेका प्रत्येक व्यवसायी तथा सदस्यले विशेष सुविधा वा सहुलियतमा शेयर खरिद गर्न रकम दाखिला गर्नुभएको अवस्था छ । यद्यपी प्राविधिक रूपले कम्पनीमा शेयरधनी कायम रहेतापनि सो शेयर वापत रकम दाखिला नगरेका केही व्यक्तिहरूले शेयर वापतको रकम अझै दाखिला नगर्नु भएको अवस्थालाई ध्यानमा राखी पुनः यो सूचना प्रकाशित गरिएको छ । अतः निम्नानुसार शेयर खरिद गर्ने गराउने व्यवस्था गर्नका लागि पुनः आव्हान गरिएको व्यहोरा सूचित गरिएको छ । यस सम्वन्धमा विस्तृत जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

**शर्तहरू :**

(१) साविक समितिको सम्पत्ति तथा दायित्वको अवस्थालाई मध्यनजर गरी १ बराबर ४ को अनुपातमा शेयर हकहिस्सा कायम हुने गरी २५ प्रतिशत शेयर रकम दाखिला गरी कम्पनीको शेयरमा हक कायम गरि दिने गरी यस अघि गरेको व्यवस्था तल उल्लिखित शर्तमा यो सूचना प्रकाशित भएको मितिले २०८२ जेष्ठ मसान्त सम्मका लागि समयावधि कायम गर्ने ।

(२) यस अघि सूचना प्रकाशित गरी आव्हान गरे बमोजिम शेयर खरिद गर्न आवेदन गरी रकम दाखिला गर्ने शेयरधनी/सदस्यले सोही बराबरको रकम दाखिला गरी थप शेयर खरिद गर्न चाहेमा १:१ को अनुपात हदसम्मको रकम दाखिला गरी शेयर खरिद गर्न रकम सहित आवेदन गर्न सक्ने ।

(३) कम्पनीमा शेयरधनी कायम रहेतापनि शेयर वापत रकम दाखिला नगरेका शेयरधनीले शेयर वापतको रकम दाखिला गर्न चाहे मा शेयर लगत कायम भएको शेयर हिस्साको हदसम्मको लागि मात्र शर्त नं. १ बमोजिम शेयर वापतको रकम दाखिला गर्न सक्ने । अन्यथा निजहरूबाट शेयर वापत रकम दाखिला गराउन तथा रकम दाखिला नभए सम्म शेयरधनीको रूपमा प्राप्त हुने सम्पूर्ण हक र सुविधा रोक्का राख्ने गरी आवश्यक कानूनी कारवाहीको प्रक्रिया अघि बढाउने ।

(४) कम्पनीमा कार्यरत कर्मचारीले शेयर खरिद गर्न चाहेमा अधिकतम रू.२,००,०००|- दुई लाख रकम सम्म दाखिला गरी शर्त नं. १ बमोजिम शेयर खरिद गर्न सक्ने ।

**संचालक समिति**

### बागमती प्रदेश सरकार
### स्वास्थ्य मन्त्रालय
### स्वास्थ्य निर्देशनालय
### जनस्वास्थ्य कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

**शिलबन्दी दरभाउ आह्वान गरिएको सूचना !**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०२।१७ (ने.सं. ११४५ तछलाथ्व ५ शनिबार)*

यस कार्यालयको स्वीकृत बजेट तथा कार्यक्रम मुताविक स्वास्थ्य प्रवर्धन केन्द्र स्थापना- कोठा सवलीकरण (Counsillin Room) कार्यक्रम सञ्चालन गर्न जिन्सी मालसामानहरु खरिदको लागि तपसिल बमोजिमको शिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ । ईच्छुक व्यक्ति, फर्म तथा संस्थाले राष्ट्रिय बाणिज्य बैंक लि., धुलिखेल, काभ्रेपलाञ्चोक शाखाको खाता नं. १००१००२०००१०००० मा शिलबन्दी फारामको रु. १००० (एक हजार) जम्मा गरेको सक्कल बैंक भौचर, फर्म तथा संस्थाको दर्ताको प्रमाणपत्र, स्थायी लेखा (पान) दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र (२०८०/०८१) हरुको प्रमाणित प्रतिलिपि सहित निवेदन पेस गरेपश्चात दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ । विस्तृत जानकारीका लागि यस कार्यालयको **website: http://phokavrepalanchowk.bagamati.gov.np** र सूचना पाटी तथा प्रशासन शाखा (फो. नं.: ०११४९०९७०, मो. नं. ९८६७८०५६७६) मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तपसिल :

| क्र. सं. | सूचना नं | सिलबन्दी दरभाउ पत्र बिक्रीको अन्तिम मिति र समय | सिलबन्दी दरभाउ पत्र पेस अन्तिम मिति र समय | सिलबन्दी दरभाउ पत्र खोलिने मिति र समय | जमानत रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | PHOKavre:SPCS/01/SQ/2081/82 | २०८२।०२।३१ कार्यालय समय | २०८२।०३।०१ बिहान १२ बजे | २०८२।०३।०१ दिउसो २ बजे | ४४,०००/- | |

कार्यालय प्रमुख

## कतारमा रोजगार
कम्पनी : AMIANTIT QATAR PIPES CO. LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324815 | चलानी नं. ६०२३७९३९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer / Helpers | 47 | 0 | 1000 | ३७,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ र २५ गते (7 & 8th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८५/०५३/०५४
INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## बहराइनमा रोजगार
कम्पनी : PRO KLEEN SERVICES W.L.L

पूर्व स्वीकृति मिति २०८१/०५/२० | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 310263 | चलानी नं.६०२२४८३९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: BD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | chef cook | 5 | 0 | 200 | ७२,५९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | cleaner | 5 | 0 | 120 | ४३,४४७ | | | | | | | |
| 3 | waiter | 5 | 0 | 150 | ५४,४४७ | | | | | | | |
| 4 | Waitress | 0 | 5 | 150 | ५४,४४७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Chinari Overseas Pvt. Ltd.
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074

## कुवेतमा रोजगार
कम्पनी : ADVANCED FOR LOGISTICS SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324775 | चलानी नं. ६०२३८७५४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVER | 15 | 0 | 140 | ६२,४२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०
SPACE HR SOLUTIONS PVT.LTD
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## साउदीमा रोजगार
कम्पनी : Asif Rafiq Plastic Products Company

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324771 | चलानी नं. ६०२३८७२४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 7 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064
Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

## मलेसियामा रोजगार
कम्पनी : SYARIKAT KAWALAN SERI PADANG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324552 | चलानी नं. ६०२३८७३३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 91 | 0 | 1700 | ५४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1610/079/80
CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

## साउदी/बहराइनमा रोजगार
कम्पनी : Heavy Rock Contracting Company is a one-person company

पूर्व स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 323117 | चलानी नं.६०२३८७१३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 1 | 0 | 1500 | ५४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber (Pipe Fitter) | 1 | 0 | 1500 | ५४,७२० | | | | | | | |

कम्पनी : Love Water Company One Person

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | LT. No. 322958 | चलानी नं.६०२३८७१२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 2 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber Helper | 4 | 0 | 1500 | ५४,७२० | | | | | | | |

कम्पनी : Al Khamis Shifa General Medical Complex Company

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324280 | चलानी नं.६०२३८७१५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS (FEMALE) | 0 | 4 | 1300 | ४७,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Idream Gulf Tech Arabia Limited is a one-person company

पूर्व स्वीकृति मिति : २०८२/०२/११ | LT. No. 323465 | चलानी नं.६०२३८७१६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Majid Fahid Al Mutairi Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | LT. No. 322962 | चलानी नं.६०२३८७१०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Majid Fahid Al Mutairi Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | LT. No. 322961 | चलानी नं.६०२३८७११

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker/general Worker | 4 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TRUE LOAF WLL

पूर्व स्वीकृति मिति : २०८२/०२/०२ | LT. No. 322917 | चलानी नं.६०२३८७१४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: BD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 120 | ४३,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80




# विश्व कीर्तिमानी आरोही टासीग्याल्जेनको आरोहण कथा

कुम्भराज राई/काठमाडौं

सोलुखुम्बुको फोर्चे गाउँका टासीग्याल्जेन शेर्पा १४ दिन १० घण्टा ११ मिनेट अवधिभित्र चारपटक सगरमाथा शिखर पुगेर गाउँ फर्किंदै थिए । गाउँभन्दा थोरै माथि डाँडामै स्वागत गर्न आइपुगेका थिए गाउँले । तर स्वागत गर्नेको भीडमा टासीका आँखाले खोजेको एउटा मान्छे अनुपस्थित थिए । त्यो अनुपस्थित व्यक्ति अरु कोही नभएर आङछिरिङ अर्थात् टासीकै बुबा थिए ।

जब टासी पुगे घरको आँगन । डाँडामाथिको घामझैं भएका बुबा हातमा खादा लिएर ढोका अगाडि उभिरहेका थिए छोराको प्रतीक्षामा । त्यतिखेर पुनः टासीको आँखाले अर्को मान्छे खोज्यो । जसलाई त्यहाँ देख्न सम्भव थिएन । १५ वर्षअघि सधैंका लागि बिदा लिएकी आमालाई टासीको मनले खोजिरह्यो, 'यतिखेर मेरो आमा पनि बुबासँगै भइदिनुभएको भए कति खुसी थिए होला ।'

बुबाले खादा लगाइसकेपछि अँगालो मारे एकअर्कालाई । अनि दुवैका आँखाबाट बग्यो खुसीका आँसु । जसरी हिमताल फुटेर उर्लिंदै झर्छ पग्लिएका बरफ । 'बाहिर म जति खुसी देखिए पनि भित्रभित्रै मलाई तिम्रो धेरै चिन्ता थियो छोरा भन्नुभयो बुबाले,' टासीले भने, '७८ वर्षका बुबाको आँखाबाट आँसु झरेको मैले जीवनमै पहिलोपटक देखेँ । तर त्यो आँसु दुःखको थिएन ।'

किनकि बुबालाई थाहा थियो एउटा आरोहीको मर्म र जोखिम । उनले पनि सगरमाथा शिखर टेकेका थिए तीन पटक । हिमालका उकाली र ओरालीमा बोक्दाबोक्दै दुःख, एक दशकअघि आङछिरिङ खुम्बु आइसफलको खर्पासमा परे । बूढेसकाल लागेको गोडाले साथ दिएनन् । दाहिने खुट्टाले लौरोको सहारा माग्यो । खुट्टाले लौरोको सहारा मागेसँगै बन्द भयो आम्दानीको स्रोत र कान्छो छोरा टासीको पढाइ ।

छोरालाई पढाएर ठूलो मान्छे बनाउने आङछिरिङको सपना तुहिएको दिन थियो त्यो । त्यही छोरा जसलाई हिँडाउनु मन थिएन आफैंले दुःखको भारी बोकेको गोरेटो । तर त्यही गोरेटो भएर आज फर्किंदै थिए टासी । फरक यत्ति थियो, कि टासीले १५ दिनमा चारपटक सगरमाथा शिखरमा पाइला राखी विश्व कीर्तिमान बनाएर फर्किएका थिए । जुन सामान्य आरोहीका लागि असम्भवसरह हो ।

पासाङल्हामु गाउँपालिका-४, फोर्चे गाउँ हेर्दा जत्ति सुन्दर छ, त्यति नै हिमालका दुःख र साहसका कथाले भरिएका छन् प्रत्येक घर । त्यही गाउँका २८ वर्षीय युवा हुन् टासीग्याल्जेन । जो नागरिकताअनुसार २९ वर्षको भए । आरोहणको यात्रा सुरु गरेको सात वर्षमै टासीले विश्व कीर्तिमान कायम गरेका छन् । उनले यही मे ९, १४, १९ र २३ तारिखका दिन एकै सिजनमा १५ दिनभित्र चारपटक सगरमाथा आरोहण गरे ।

सन् २०१८ देखिमात्र हिमालमा भारी बोक्न थालेका उनले यसअघि पाँचपटक सगरमाथा र एकपटक चोयूको आरोहण गरेका थिए । टासीले म कुनै दिन सगरमाथा शिखरमा पुग्छु भन्ने सोचेकै थिएन । उनलाई त बुबाको सपना पूरा गर्नु थियो । वि.सं. २०७२ मा सर एडमण्ड हिलारी माध्यामिक विद्यालय खुम्जुङबाट एसएलसी उत्तीर्ण गरेपछि बुबाले प्लस टु पढ्न काठमाडौं पठाए । होटल म्यानेजमेन्ट लिएर सरासर प्लस टु गरेपछि स्नातक पनि सोही विषयमा पढ्ने चाहना थियो । तर स्नातकका लागि बुबाको कमाइले सम्भव भएन । अनि पुष्पलाल मेमोरियल कलेजमा पत्रकारिता विषय लिएर पढ्न थाले ।

दोस्रो वर्ष अध्ययन गर्दागर्दै बुबालाई खट्टाले साथ दिएन । दाजु र दिदीले बिहे गरिसकेका थिए । एउटी बहिनी पढ्दै थिइन् । घर व्यवहार र बुबालाई हेर्ने जिम्मा टासीको काँधमा आयो । 'मलाई छिटो र धेरै पैसा कमाउनुपर्ने बाध्यता आइलाग्यो,' सात वर्षअघिको परिस्थिति सम्झँदै टासीले भने, 'त्यसरी छिटो पैसा कमाउने एउटै मात्र विकल्प हिमालमा भारी बोक्नुभन्दा अरु थिएन ।' पहिलोपटक नै सन्

> आरोहणको यात्रा सुरु गरेको सात वर्षमै सोलुखुम्बुको फोर्चे गाउँका टासीग्याल्जेनले विश्व कीर्तिमान कायम गरेका छन् । उनले यही मे ९, १४, १९ र २३ तारिखका दिन एकै सिजनमा १५ दिनभित्र चारपटक सगरमाथा आरोहण गरे ।

> "मैले १६ दिनसम्म कुनै रात राम्रोसँग आराम गरिनँ । ढिलोमा रातको २ बजे उठिसक्थेँ । वास्तविक सपना पूरा गर्न निदाएर सम्भव छैन भन्ने मलाई राम्रोसँग थाहा थियो ।"

२०१८ मा उनी चीनतर्फबाट अल्पाइन ग्लो नामक आरोहण कम्पनीसँग सगरमाथा आरोहणका लागि गए । तर उनीसँग आरोहणसम्बन्धी कुनै तालिम र ज्ञान थिएन । उनले आरोहण गर्न सकेनन् । गाउँ फर्किएपछि गाउँकै आरोहण तालिम केन्द्रमा आधारभूत र 'एड्भान्स' तालिम लिए ।

सन् २०१९ मा चीनतर्फबाटै फोर्टिन पिक एस्पिडिसन नामक कम्पनीमार्फत सगरमाथा र त्यही वर्ष चोयू हिमालको आरोहण गर्न सफल भए । त्यसपछि उनले सन् २०२२, २०२३ र २०२४ मा सगरमाथा आरोहण गरे । २०२४ मा भने दुईपटक सगरमाथा आरोहण गरे । फोर्चे गाउँका कुनै घर छैनन्, जुन घरका एक वा एकभन्दा बढी सदस्यले सगरमाथा आरोहण नगरेको । टासीकै साथीहरूले पनि कसैले १७ पटक, कसैले १४ पटक आरोहण गरिसके । 'दुई वर्षअघि मलाई लाग्यो आरोहण त सबैले गर्छन् । अरुलेभन्दा केही फरक गरिएन भने न मेरो आर्थिक प्रगति हुन्छ, न त मलाई कसैले चिन्छन्,' उनले भने, 'त्यतिबेलै मैले २० दिनमा चारपटक सगरमाथा चढेर कीर्तिमान बनाउँछु भनेर योजना बनाएँ ।'

योजना बनाए पनि त्यो पूरा गर्न सजिलो थिएन । उल्टै आरोहणका लागि खर्च गर्ने पैसा आफूसँग थिएन । सौभाग्यवशः यस वर्ष टासीको त्यही योजना पूरा गर्न दाजु छिरिङटासीमार्फत चिनेको स्कटल्याण्डका जेम्स ल्याम्ब र लिटिल फाउण्डेसन, इन्सपायर ट्रेक तथा एटके एक्सपिडिसन कम्पनीबाट साथ पाए । यस वर्ष पहिलो आरोहणको रूपमा डोरी टाँग्ने (रोप फिक्सिङ) टिममा सामेल भएर शिखर पुगे । ३० किलो तौल हुने ३०० मिटर लामो डोरीलगायतका सामान बोकेर काम गर्दै मे ९ तारिखका दिन साँझ ५ बजे शिखर पुगेका थिए । 'त्यो दिन मौसम यति सफा र राम्रो थियो कि चुचुरोमा सलाई कोरेर बाले पनि ननिभ्ने थियो,' उनले भने । त्यही बेला एउटा खादा सगरमाथालाई चढाउँदै ढोगेर उनले आशिष मागे, 'मलाई माफ गर्नुहोला, यसपटक म तपाईंको शिरमाथि चारपटक पाइला राख्न आउँदै छु, मलाई आशिष दिनुहोला ।' सायद टासीले आशिष पाए । यस वर्षको चौथो आरोहणमा उनले सगरमाथा र आफ्नो कुलपितृ लोबुचेलाई सम्झँदै फेरि एउटा खादा चढाएर धन्यवाद दिए ।

यस वर्षको सबैभन्दा सजिलो आरोहण दोस्रोपटकको थियो । मे १४ तारिख बिहान ८ बजे शिखरमा पुगेका थिए । फर्किने क्रममा दोस्रो शिविरदेखि पहिलो शिविरको बाटोमा पर्ने नुप्त्से फेस आइपुगेपछि टासीलाई एक्कासि घरको याद (होम सिक) आयो । आफैंलाई थाम्न सकेनन् । रोप फिक्सिङमा गरेको दुःख सम्झँदै बाटोमै भक्कानिएर एक्लै रोए । 'खै के भयो, के भयो, अचानक होम सिकजस्तो भयो र आफैंलाई रोक्न सकिनँ,' त्यो क्षण सम्झिँदै उनले भने, 'मलाई चिच्याइचिच्याइ रुन मन लाग्यो अनि भक्कानिएर रोएँ ।' तेस्रोपटकको आरोहणमा उनले बंगलादेशका आरोही इक्रामुल हसन साकिललाई लिएर गए । जसलाई दुई वर्षअघि नै सगरमाथा शिखर लैजाने प्रतिबद्धता जनाएका थिए ।

क्रमशः पृष्ठ ५ मा



# संकटमा रैथाने स्रोत, बीउ जोगाउँदै बैंक

टिकाराम सुनार/काठमाडौं

'पहिलेपहिले नेपालका हरेक घर नै बीउ बैंकजस्तै थिए । हरेक घरमा बीउ भकारी हुन्थे, भित्तामासमेत बीउ राख्ने चलन थियो । केही ढुंग्रोमा, केही फाटेको टोलो (कपडा)मा । सप्रेका चीजबाट बीउ छानेर राख्ने चलन थियो, अनि समय आएपछि आफूले पनि रोप्थे, छिमेकीलाई पनि दिन्थे । बीउसमेत ऐँचोपैँचो हुन्थ्यो । त्यो बीउमात्र नभई समाज नै रहेछ । अचेल त्यस्तो रहेन,' रैथाने एग्री प्रोडक्टका अध्यक्ष तिलक ढकाल भन्छन् ।

हुन पनि केही दशकअघिसम्म पनि धेरैजसो किसानले आफूलाई चाहिने बीउ परम्परागत शैलीमा संरक्षण गर्थे, त्यसैबाट जैविक खेती प्रणाली जोगाइरहेका थिए । पछिल्लो समय जलवायु परिवर्तन, आधुनिक बालीहरूको बढ्दो प्रयोग र बजारमुखी कृषि प्रणालीका कारण परम्परागत बीउ संरक्षण अभ्यास संकटमा छ । त्यसै कारण होला नेपालका धेरै कृषि आनुवंशिक स्रोतहरू संकटमा छन् ।

'हाम्रा बाली हराउँदै गएकाभन्दा पनि हामीले उन्नत जातका नाममा तिनलाई छोड्दै गएकाले समस्या भएको हो । रैथाने बाली तथा स्रोतले त पुस्तौं पुस्तादेखि नेपाली माटो, भूगोल (रिजान), हावापानी (सिजन) चिनेका छन् । पुस्तौंसम्म बीउ बन्ने सामर्थ्य राख्छन् । हामी भने धेरै फल्ने र नफल्नेमै झल्झियौं, सरकारले पनि कृषि आधुनिकीकरणका नाममा रैथाने स्रोतको संरक्षण गर्न सकेन,' ढकाल भन्छन्, 'अब चेत्नुपर्ने बेला आएको छ । बीउ नै रहेन भने समस्या झन् विकराल बन्नेवाला छ । त्यसैले हरेक घर र समाजमा रहेका बहुबाली प्रथा, त्यससँग जोडिएका मौलिक सीप र ज्ञान जोगाउँदै जानुपर्छ ।' यसका लागि रैथाने बाली तथा कृषि जैविक विविधताका स्रोत संरक्षण, त्यसको प्रवर्द्धन र बजारीकरणको सुनिश्चितता गरी यसैबाट धनी बन्न सकिन्छ भन्ने सन्देश फैलाउन जरुरी रहेको उनको भनाइ छ ।

> हाम्रा जमिन बाँझो र कृषक पलायन हुँदै छन् । यसको अर्थ हाम्रो परम्परागत ज्ञान नै लोप हुने खतरा छ । रैथाने ज्ञान र श्रम अभ्यास नै लोप हुने अवस्थाले हामी हरेक वस्तुमा परनिर्भरतातर्फ गइरहेका छौं । यसले हामीलाई कुन दिशातिर लैजाँदै छ भनेर गम्भीर समीक्षा गरौं,'
>
> **मथुरा खनाल**
> संरक्षण अभियन्ता

> अब चेत्नुपर्ने बेला आएको छ । बीउ नै रहेन भने समस्या झन् विकराल बन्नेवाला छ । त्यसैले हरेक घर र समाजमा रहेका बहुबाली प्रथा, त्यससँग जोडिएका मौलिक सीप र ज्ञान जोगाउँदै जानुपर्छ ।
>
> **तिलक ढकाल**
> अध्यक्ष, रैथाने एग्री प्रोडक्ट



अर्का संरक्षण अभियन्ता मथुरा खनाल पनि परम्परागत रैथाने आनुवंशिक स्रोतहरू संकटमा पर्न थालेकामा चिन्ता व्यक्त गर्छन् । 'पहिले बाउबाजेका पालामा राम्रो उब्जनी हुने अन्नबाली अचेल देखिँदैनन् । हाम्रो जीवनकालमा खेतबारीमा हुने धान, मकै, गहुँ, फलफूल तथा तरकारीबाली पनि हराउँदै गएका छन्,' उनी भन्छन्, 'यसमा बालीको कुरामात्रै होइन वन स्रोत । सूक्ष्म जीवाणुको कुरा पनि आउँछ । त्यसैले यस्तै अवस्था रहने र बाँकी रहेका लोपोन्मुख, दुर्लभ तथा विशेष गुण भएका कृषि आनुवंशिक स्रोत संरक्षणका लागि पहल नहुने हो भने निकै समस्या आउनेवाला छ ।'

खनालका अनुसार नेपाललाई विश्वकै जीवन्त जैविक विविधताको संग्रहालय भनिन्छ तर जलवायु संकटका कारण यहाँका धेरै जैविक विविधतामाथि क्षति बेहोर्नुपरेको छ । पछिल्लो दशक नेपालका अधिकांश रैथाने स्रोतहरू मानवीय क्रियाकलाप, उन्नत जातको प्रयोग र ऐँजेरुजस्ता वनमाराका कारण थप समस्यामा परेको बताउने वातावरणविद् खनाल नेपालका रैथाने र परम्परागत ज्ञानको नाश हुनु अझ डरलाग्दो विषय भएको बताउँछन् ।

'हाम्रा जमिन बाँझो र कृषक पलायन हुँदै छन् । यसको अर्थ हाम्रो परम्परागत ज्ञान नै लोप हुने खतरा छ । रैथाने ज्ञान र श्रम अभ्यास नै लोप हुने अवस्थाले हामी हरेक वस्तुमा परनिर्भरतातर्फ गइरहेका छौं । यसले हामीलाई कुन दिशातिर लैजाँदै छ भनेर गम्भीर समीक्षा गरौं,' उनी भन्छन्, 'यस्तो अवस्थामा जिन बैंकजस्ता प्रविधिको प्रयोगमार्फत स्रोतको संरक्षण र तिनको सामाजिकीकरणका लागि काम गर्नुपर्ने आवश्यकता छ ।

क्रमशः पृष्ठ ५ मा

# विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथिको छलफल सकियो

■ प्रभाव संवाददाता

**विराटनगर–** कोशी प्रदेशसभाको शुक्रबारको बैठकमा 'कोशी प्रदेश विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता-२०८२' माथिको छलफल सकिएको छ । प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले यही जेठ ११ गते सदनमा पेस गरेको सिद्धान्त र प्राथमिकतामा २७ जना सांसदले छलफलमा भाग लिई आवश्यक सुझाव दिएका थिए ।

योजनामन्त्री मागरले छलफलका क्रममा उठेका जिज्ञासाको सम्बन्धमा नीति तथा कार्यक्रमलाई आधार मानी तयार गरिएको सिद्धान्त र प्राथमिकता आगामी आर्थिक वर्षको वार्षिक बजेटको मार्गदर्शक बन्ने बताए ।

सबै सांसदहरूको सुझाव रचनात्मक रहेको बताउँदै मन्त्री मगरले आर्थिक आधारको सबलीकरण र आर्थिक वृद्धि, दिगो विकास, संघीयता कार्यान्वयन, अन्तरतह समन्वय, सार्वजनिक सेवा प्रवाह र सुशासन, सार्वजनिक वित्त र वित्तीय अनुशासन, सामाजिक विकास, न्याय र मानवअधिकार, ग्रामीण विकासलगायत विषयलाई सिद्धान्त र प्राथमिकतामा महत्त्व दिइएको जानकारी दिए ।

**कोशी प्रदेशसभा**

उनले जनमुखी सेवा प्रवाह र सुशासन, कानुनी शासन र शान्ति सुरक्षा, भौतिक पूर्वाधार, कृषिको आधुनिकीकरण र व्यावसायीकरण, खानेपानी, सिँचाइ तथा ऊर्जा, पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन, शिक्षा, खेलकुद, संस्कृति, रोजगार र समावेशिता, स्वास्थ्य सेवा, औद्योगिक विकास र निजी क्षेत्रको प्रवर्द्धन, यातायात क्षेत्रको व्यवस्थापन, वन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सहकारीको अनुगमन र नियमन तथा सार्वजनिक वित्तीय व्यवस्थापनलगायत विषय समेटेर बजेट सर्वपक्षीय, समानुपातिक र सर्वस्वीकार्य बनाइने उल्लेख गरे ।

प्रदेशसभाको शुक्रबारको बैठकको विशेष समयमा नेपाली कांग्रेस संसदीय दलकातर्फबाट सांसद प्रदीपकुमार सुनुवारले जनताको माग र आवाजका बारेमा छलफल गर्ने संसद् कमजोर बन्न नहुने धारणा राखे । उनले आगामी आर्थिक वर्षका लागि आउने वार्षिक बजेट पारदर्शी हुनुपर्ने भन्दै सांसदहरूको योजना सुनिश्चितताको माग गरे ।

बैठकको शून्य समयमा कोशी प्रदेशसभाका सांसद सपना दर्जी, रमेशकुमार बस्नेत, लीलाबल्लभ अधिकारी, मीना श्रेष्ठ, शीला दीक्षित कार्की, निरादेवी खनाल, मालतीकुमार लिम्बू, ललिताकुमरी चौधरी, रामकुमार खत्री, सुनिता गच्छदार, लखिकुमारी गणेश, शोभा चेम्जोङ, गणेशप्रसाद उप्रेती र राजन किराँतीले आ-आफ्नो धारणा राखेका थिए ।

उनीहरूले पर्यटन, विपद्, विकास, कृषि बीउविजन, रासायनिक मल, गाजा खेती, भाषा र संस्कृति, ग्रामथान र सडक दुर्घटनालगायत समयसापेक्ष विषयमा धारणा राखेका थिए । अर्को सूचना जारी नभएसम्म प्रदेशसभाको बैठक स्थगित भएको उपसभामुख सिर्जना दनुवारले जानकारी दिइन् ।

# मुस्ताङमा बृहत् साइकल तथा घोडा ऱ्याली उत्सव

**मुस्ताङ–** पर्यटन प्रवर्द्धन तथा जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि मुस्ताङको घरपझोङ गाउँपालिकामा शुक्रबार संयुक्त साइकल तथा घोडा ऱ्याली आयोजना गरिएको छ । जलवायु संकटले समग्र मानव सभ्यतामै प्रतिकूल असर पुऱ्याएको अवस्थामा मुस्ताङको घरपझोङ गाउँपालिकाले पहिलोपटक प्रथम साइकल तथा घोडा ऱ्याली आयोजना गरिएको हो ।

घरपझोङ गाउँपालिकाको आयोजना तथा साइकल सिटी पोखराको संयोजनमा देशभरका साइकलयात्री टोली मुस्ताङमा यहाँ सहभागी भएका गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिए । उनका अनुसार पहिलोपटक आयोजना गरिएको साइकल ऱ्यालीमा २३ जिल्लाका ३६२ जनाले उत्साहजनकरूपमा सहभागिता जनाएका छन् । 'हाम्रो उद्देश्य भनेकै यहाँको पर्यटन प्रवर्द्धन गर्नु हो, दूरदराजमा रहेका गाउँलाई समेत साइकल तथा घोडा ऱ्यालीले चिनाउने हाम्रो ध्येय हो,' अध्यक्ष लालचनले भने, 'हामीले अपेक्षा गरेभन्दा बढी देशभरबाट साइकल टोली मुस्ताङमा आउनुभएको छ, कार्यक्रममार्फत जलवायु संकट न्यूनीकरण र कार्बन उत्सर्जन कम गर्ने विकल्प प्रस्तुत गर्न खोजेका हौं ।'

समुद्री सतहदेखि तीन हजार मिटर अग्लो उचाइमा पदयात्रा गर्न पाउँदा सहभागीहरू निकै नै उत्साहित भएका छन् । कपिलवस्तुबाट सहभागी वारांगा साइकल राइडर विष्णुप्रसाद सापकोटाले मुस्ताङमा पहिलोपटक साइकलयात्रा गर्न आएको जानकारी दिए । यहाँको पर्यटन प्रवर्द्धन तथा वातावरण स्वच्छताका साथै साइकल संस्कृतिको विकासमा टेवा पुऱ्याउनेगरी साइकल सिटी पोखराको समन्वयमा मुस्ताङ आइपुगेको उनले बताए । 'हिमालै हिमाल भएको मुस्ताङमा साइकल यात्रा गर्न पाउनु अहोभाग्य हो । यति ठूलो कार्यक्रम यहाँ आयोजना हुँदा यहाँको पर्यटन संस्कृतिको विकासका साथै जलवायु संकट न्यूनीकरण गर्न धुवाँ, धुलो र इन्धनरहित सवारीसाधन प्रयोगमा अभिप्रेरित गर्ने पनि हामीहरूको उद्देश्य हो,' राइडर सापकोटाले भने ।

साइकल चढ्ने संस्कृतिले मानवस्वास्थ्य सहयोग पुग्ने, कार्बन उत्पादन घटाउने र आर्थिक विकासमासमेत टेवा पुऱ्याउने साइक्लिङ क्लब नेपालगञ्जका सल्लाहकार रमेश मल्लले बताए । 'हामी त १५० मिटरको उचाइमा थियौं, यहाँको उचाइ त तीन हजारभन्दा बेसी रहेछ । केही अक्सिजनको कमी महसुस भए पनि यहाँको सौन्दर्यले सबै बिर्साइदिएको अनुभूति भएको छ,' उनले भने । घोडा र साइकल संस्कृतिले पर्यावरण जोगाउन निकै ठूलो योगदान पुऱ्याउने मल्लको भनाइ छ ।

स्थानीय कर्म गुरुङले जलवायु संकट न्यूनीकरणसँग जोडेर पर्यटन प्रवर्द्धन गर्ने यस खालको कार्यक्रमले महत्त्वपूर्ण सन्देश प्रवाह भएको धारणा राखे । 'मुस्ताङमा महत्त्वपूर्ण चाडपर्व यार्तुङ, तिजी र धज्याङ पर्वहरूमा घोडा चढेर दौडने र तारो हान्ने खेल खेलिन्छ, यो हाम्रो संस्कृति र मौलिकता पनि हो,' उनले भने, 'पछिल्लो समय जलवायु संकटका कारण हिमालहरू निकै जोखिममा छन्, यसले यहाँको पारिस्थितिक प्रणाली र कृषि, पर्यटन र वातावरण क्षेत्रमा प्रत्यक्ष/अप्रत्यक्ष क्षति परिरहेको छ ।'

यसअघि गण्डकी प्रदेशसभा सदस्य विकल शेरचन र गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले प्रथम साइकल तथा घोडा ऱ्यालीको संयुक्तरूपमा उद्घाटन गरेको थियो । सहभागी टोलीलाई मुस्ताङको जोमसोम, ठिनी, ढुम्बा, छैरो, चिमाङ, मार्फा, स्याङ र पुथाङ एयरपोर्टका आमा समूह, क्लब र स्थानीयले स्वागत गरेका थिए ।

गाउँपालिकाअन्तर्गतका पाँचवटै वडाका गाउँ परिक्रमा गर्ने गरी कूल २५ किलोमिटर दूरी तय गरिएको थियो । ऱ्याली पाँचवटै वडा परिक्रमा गरी गाउँपालिका कार्यालयमा पुगेर समापन भएको प्रमुख प्रशासकीय अधिकृत बेदहरि अधिकारीले जानकारी दिए । ऱ्यालीमा ३६२ साइकल र ३० वटाभन्दा बढी घोडाको प्रयोग भएका थिए । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## विश्व कीर्तिमानी...

समुद्रदेखि पैदलै हिँडेर ८४ दिनमा सगरमाथा शिखर आरोहण गरेका शाकिल अर्का साहसी आरोही थिए । ग्रेट हिमालयन ट्रेलको यात्रा पूरा गरिसकेका साकिललाई नेपालकै मकालु ई ट्रेडर्सले निर्भाना र अन्य अन्तर्राष्ट्रिय ब्राण्डका आरोहणका लागि आवश्यक गियर्स (जुत्तादेखि कपडा) सहयोग गरेको थियो । उनीहरू मे २३ तारिखका बिहान ६:११ मा शिखर पुगेका थिए । तेस्रोपटक आरोहण गरेर फर्किंदा टासी निकै थकित भए । आधारशिविर आइपुगेपछि एकदिन आराम गर्ने सोचमा थिए । तर, जब आधारशिविरमा एटके एक्सपिडिसनका सञ्चालक लाक्पा शेर्पाले बधाइ दिँदै खुसी र उत्साह थपे । एकाएक ती सबै थकाइ हरायो र त्यही साँझ आधारशिविरबाट उकालो लागेका उनी दोस्रो शिविर पुगे । भोलिपल्ट चौथो शिविर पुगेर साँझ ८ बजे शिखरको यात्रामा लागेका उनका लागि यो आरोहण सबैभन्दा जोखिम र चुनौतीपूर्ण थियो ।

उनले बाटोमा करिब २०० आरोहीलाई 'ओभरटेक' गरे । हिउँ परेर हराएको डोरी खोज्दै बिहान ३:११ बजे शिखर पुगेका उनीसँग एटके एक्सपिडिसनकै फूर्वातेञ्जी शेर्पा थिए । फूर्वाले पहिलोपटक शिखर पुग्ने अवसर प्राप्त गरेका थिए । उनीहरूका पछिपछि थिए चार-पाँच जना अरु आरोही । टासीलाई एउटै डर थियो फर्किने बेला ट्राफिक जाममा परिन्छ कि भन्ने । हावा यति बेजोड चलेको थियो कि झर्रै परेको हिउँ उडाएर गालामा हिर्काउँदा थप्पड हानेकोभन्दा बढी दुखाउँथ्यो । तर फर्किंदा टासी र फूर्वाले करिब ३० जनामात्र आरोही बाटोमा भेटे । बाँकी सबै आरोही प्रतिकूल मौसमका कारण फर्किएछन् ।

यसरी टासीले सगरमाथा आरोहणको इतिहासमा साहसिक विश्व कीर्तिमान राख्ने आरोहीहरूको सूचीमा आफ्नो नाम समावेश गर्न सफल भए । त्यसो त यो कीर्तिमानप्रति उनमा कुनै घमण्ड भने छैन । उनी भन्छन्, 'म भन्दा छिटो दौडिनसक्ने शेर्पा दाजुभाइ अझै धेरै हुनुहुन्छ, तर आफ्नो 'क्लाइन्ट'लाई सम्हाल्दै शिखरमा पुऱ्याउनुपर्ने बाध्यताले यो कीर्तिमान राख्ने अवसर मैले प्राप्त गरेको हुँ ।' टासीका दुईवटा सपना छन्, एक शिक्षामा पिछडिएको आफ्नो गाउँलाई समृद्ध बनाउने, जुन सपना पूरा गर्न युवा पुस्ताका भाइबहिनी पनि शैक्षिक प्रगति हासिल गरिरहेका छन् ।

अर्को छ, पर्यटनकै माध्यमबाट देशलाई संसारमा थप परिचित गराउने । पर्यटनबाट देशलाई समृद्ध बनाउने अभियानमा एउटा इँटा थप्ने । तर दुःखको कुरा एउटै छ, हिमालमा काम गर्ने शेर्पालाई राज्यले आफ्नै देशका नागरिक हुन् भनेर गम्भीरतापूर्वक कहिल्यै लिएन । 'सामाजिक सुरक्षा र अरु सुविधा त परै जाओस्, कम्तीमा हिमालमा ज्यान गुमाउने शेर्पाका बालबच्चालाई निःशुल्क पढ्ने व्यवस्था गरे पनि हुन्थ्यो,' उनले भने, 'हिमालमा ज्यान गुमाउनेहरू वास्तवमा हिमालका सहिद हुन्, उनीहरूका बालबच्चा पढाउन विदेशीलाई हात फैलाउनुपर्ने अवस्थाबाट माथि उठ्न सकिएको छैन ।'

परिस्थितिले काँध थाम्नु परेको जिम्मेवारीले टासीलाई परिपक्व बनाउँदै छ । कम्तीमा आफ्नो काखमा हुर्किंदै गरेका चार वर्षीय छोराको अवस्था आफ्नैजस्तो नहोस् भन्नेमा सचेत छन् उनी । हुन त सफलताको कुनै मापन छैन, विश्वको सर्वोच्च शिखर पुगे पनि आखिर झर्नैपर्छ फेदीमा । त्यो वास्तविकताका साक्षी टासी आफैं छन् । तर पनि यसपटकको सफलता टासीको दृढ संकल्प र मिहेनतले मात्र सम्भव भएको हो । 'मैले १६ दिनसम्म कुनै रात राम्रोसँग आराम गरिनँ,' उनी भन्छन्, 'ढिलोमा रातको २ बजे उठिसक्थेँ । वास्तविक सपना पूरा गर्न निदाएर सम्भव छैन भन्ने मलाई राम्रोसँग थाहा थियो ।' *रासस*

■ ■ ■

## संकटमा रैथाने...

प्रयोगशालाको उपयोग र परम्परागत कृषि ज्ञानको प्रसारलाई सँगसँगै अगाडि बढाउन लाग्नुपर्छ ।'

मानव स्वास्थ्य, आर्थिक उन्नति र खाद्य सम्प्रभूता प्रकृतिमाथि नै अडेको छ तर यही प्रकृति हिजोआज जटिल समस्यामा छ । विभिन्न अध्ययनले पारिस्थितिकीय प्रणालीको ह्रासले गर्दा विश्वका ४० प्रतिशत मानिस आफ्नो समुन्नतिबाट वञ्चित भएका भनेर औंल्याएका छन् । नेपालकै कुरा गर्ने हो भने यहाँको कृषि जैविक विविधतामा गम्भीर संकट आउँदा धेरै मानिसहरू आन्तरिक आप्रवासन, थातथलोबाट विस्थापन भई गम्भीर आर्थिक, सामाजिक र परम्परागत ज्ञान हस्तान्तरण गर्ने अवस्थाबाट वञ्चित भइरहेका छन् ।

कृषि अनुसन्धान परिषद् (नार्क)कै तथ्यांकअनुसार नेपालमा रहेका हजारौं स्रोतमध्ये करिब ४० प्रतिशत कृषि जैविक विविधता लोप भइसकेका छन् । जबकि, यहाँ २४ हजार ३०० प्रजातिमध्ये २८ प्रतिशत अर्थात् छ हजार ६१८ प्रजाति कृषि आनुवंशिक स्रोत रहेका र जसका करिब एक लाख भूमि-जात रहेको बताउने गरिएको थियो । जानकारहरूका अनुसार नेपालमा करिब ३० हजार रैथाने बाली छन् । नेपालमा करिब एक हजार २६ प्रजातिका बाली, ५१० घाँसेबाली, ३५ घरपालुवा जनावर, २३६ माछा, २५० जलीय अन्य कृषि जनावर, १७ जलीय वनस्पति, तीन हजार ५०० कीरा र ८०० सूक्ष्म जीवाणु रहेका छन् । नेपाल ११ जाति र २९ प्रजातिका खाद्यबालीहरू तथा छ जाति र १२ प्रजातिका वागवानी बालीहरू उत्पत्तिको प्राथमिक केन्द्र मानिन्छ । यसैगरी, यहाँ विभिन्न जंगली नातेदार वनस्पतिमध्ये १० जातिका १३ प्रजाति रहेको भन्ने गरिन्छ ।

नेपाल सरकारको राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जिन बैंक) का सूचना अधिकारी डा. मुकुन्द भट्टराई विकासे भनेर विदेशबाट आउने जातहरूले प्राथमिकता पाउँदा नेपालका रैथाने तथा स्थानीय जातहरू ५० प्रतिशतसम्म लोप भइसकेका बताउँछन् । 'अब सरकार, सबै सरोकार भएकाहरू गम्भीर नबनेमा र स्थानीय जातलाई जथाभावी आधुनिक उन्नत जातले विस्थापन गरिरहेमा आगामी दशक करिब २५ प्रतिशत बालीका जंगली नातेदार लोभ भई कृषि जैविक विविधता संरक्षणमा चुनौती थपिने छ,' उनी भन्छन्, 'यसर्थ भविष्यको दिगो खाद्य र पोषण सुरक्षाका लागि आनुवंशिक विविधता र बाली प्रजनन प्रणालीमा जोड दिन आवश्यक छ । यसका लागि वर्तमान मौजुदा विविधताको संरक्षण तथा तिनमा अनुसन्धानकर्ता, प्रजननकर्ता र कृषकहरूको पहुँच सुनिश्चित गरिनुपर्दछ ।'

### संकट टार्न बीउ बैंक

दिगो विकास लक्ष्यले सन् २०३० सम्म सबै मानिसहरूलाई वर्षभरि सुरक्षित, पोषिलो र पर्याप्त खाना सुनिश्चित गर्दै भोकमरी अन्त्य गर्ने र कुपोषणका सबै रूपहरूको उन्मूलन गर्ने भनेको छ । यद्यपि, हालसम्मको अवस्था चिन्ताजनक छ । विश्व खाद्य संगठन (एफएओ)को एक 'रिपोर्ट'अनुसार सन् २०२३ मा अनुमानितरूपमा ७१३ देखि ७५७ मिलियन मानिसहरू (विश्व जनसंख्याको ८.९ देखि ९.४ प्रतिशत) ले भोकको सामना गरेका थिए । यदि यसको मध्यम सीमा (७३३ मिलियन) लाई आधार मान्ने हो भने यो सन् २०१९ को तुलनामा करिब १५२ मिलियनभन्दा बढी मानिसहरू भोकको चपेटामा परेका हुन् ।

नेपालमा ६० प्रतिशतभन्दा बढी जनसंख्या कृषि पेसामा निर्भर छन् तर कृषि उत्पादनमा ह्रास आउँदा बर्सेनि अर्बौं रूपैयाँको खाद्यवस्तु निर्यात गर्नु परिरहेको छ । १५औं पञ्चवर्षीय योजनाअनुसार नेपालका २१ प्रतिशत जनसंख्यामा पर्याप्त खाद्यको पहुँच छैन । यस्तो अवस्थामा कृषि आनुवंशिक स्रोतमा भने गम्भीर क्षति पुगेको छ । यसले गर्दा उपयुक्त कृषि जैविक विविधताको अभावमा नेपाललगायत समग्र विश्वले गम्भीर खाद्यसंकटको सामना गर्नुपर्ने विज्ञहरूले चेतावनी दिने गरेका छन् । यसलाई एफएओको तथ्यांकलेसमेत पुष्टि गर्छ । उक्त संस्थाका अनुसार गत २०औं शताब्दीमामात्रै विश्वको बाली विविधतामा पूर्ति गर्नै नसकिनेगरी करिब ७५ प्रतिशतले ह्रास आएको छ । उसले आफ्ना विवरणमा भनेको छ, 'विश्व जनसंख्या वृद्धिदर, जलवायु परिवर्तन, भूमिको क्षय र विश्वव्यापी संकट तथा द्वन्द्वको सामना गरिरहेको सन्दर्भमा यी आनुवंशिक स्रोतहरूको विविधता हाल र भविष्यका चुनौतीहरूसँग अनुकूलन गर्नका लागि अत्यन्त आवश्यक बनिरहेको छ ।'

यी विविध कारण हाल विश्व्यापीरूपमै कृषि आनुवंशिक स्रोतको संरक्षणका पहल भइरहेका छन् । यसका लागि दिगो विकासको लक्ष्य नं २ को (५) मा सन् २०२० सम्म बीउ, खेती गरिने बोटबिरुवा, फार्म एवं पशुपालन र तिनका जंगली प्रजातिहरूको संरक्षणलाई प्राथमिकता दिई विभिन्न बीउ, बिरुवा एवं लोपोन्मुख पशुहरूको डिएनए बैंक र सामुदायिक बीउ बैंकको विस्तार गर्न लक्ष्य निर्धारण गरिएको थियो ।

नेपाल सरकारले सो लक्ष्य, जैविक विविधता महासन्धि, खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतहरूसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिअनुसारका गतिविधि अगाडि बढाइरहेको छ । कृषि जैविक विविधता नीति २०६३ अनुसार राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जिन बैंक) स्थापना गरिएको छ । त्यसै आधारमा सामुदायिक बीउ बैंक कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ र सामुदायिक बीउ बैंक स्थापना कार्यान्वयन कार्यविधि २०७२ ल्याई यसको कार्यान्वयन अघि बढाइसकेको छ ।

२०६७ असोज २१ गते स्थापित जिन बैंकले कृषि आनुवंशिक स्रोतको सदुपयोग र प्रवर्द्धनका लागि खोज, अनुसन्धान, संकलन र संरक्षणको काम गरिरहेको केन्द्र प्रमुख डा. बालकृष्ण जोशीले बताए । खाद्य तथा पोषण सुरक्षा, जीवनस्तर र आर्थिक समृद्धिका निम्ति सम्पूर्ण कृषि आनुवंशिक स्रोतहरूको संरक्षण तथा उपयोगको मिसनसहित बैंकले आनुवंशिक स्रोतहरूको मूल्यांकन गरी गुण विशेषका आनुवंशिक चिह्नहरू पत्ता लगाउनाका साथै पूर्वप्रजननद्वारा उन्नत तथा उपयुक्त जात छनोट गर्ने र प्रजननकर्ता तथा कृषकहरूलाई उपलब्ध गराउने गरेको उनको भनाइ छ ।

'विभिन्न कारणले कृषि जैविक विविधतामा एकपछि अर्को संकट निम्तिरहेको छ । जलवायु परिवर्तनको प्रत्यक्ष मारमा हाम्रा रैथाने स्रोत र परम्परागत कृषि स्रोतहरू परिरहेका छन् । तिनको संरक्षणका लागि हामीले काम विभिन्न विधिमार्फत काम गरिरहेका छौं,' डा. शर्माले भने, 'जिन बैंकमा संरक्षित आनुवंशिक स्रोतहरू तत्काल र भावी प्रयोग, दिगो विकास र प्रजनन कृषि उत्पादनका लागि प्रत्यक्ष प्रयोग, पर्याप्रणालीमा विविधताको संरक्षण, वैज्ञानिक परीक्षण तथा पूर्वबाली प्रजननका लागि प्रयोग हुन्छन् ।'

यसका लागि नेपालमा केन्द्रमा जिन बैंक र त्यसअन्तर्गत फिल्ड जिन बैंक, तन्तु प्रविधि प्रयोगशाला तथा तन्तु बैंक, मल्टिकुलर प्रयोगशाला तथा डिएनए बैंक छन् भने स्थानीय किसानसँगको सहकार्यमा देशका विभिन्न स्थानमा ७५ वटा जति सामुदायिक बीउ बैंकहरू छन् । विभिन्न प्रकारका यी बैंकहरूमा नेपालका करिब ३०० प्रजातिका २० हजारभन्दा बढी कृषि आनुवंशिक स्रोत संरक्षण गरिएका छन् । त्यसबाहेक विश्वका विभिन्न २५ देशका अन्तर्राष्ट्रिय बैंकमा २५ हजार २९७ नेपालका रैथाने आनुवंशिक स्रोत (बाल तथा वागवानी र सूक्ष्म जीवाणुलगायत) सुरक्षित राखिएको केन्द्र प्रमुख डा. शर्माले जानकारी दिए । यस बैंकमा एक लाख संकलन रोख्ने क्षमताको ५० देखि १०० वर्षसम्म बीउ संरक्षण गर्ने दीर्घकालीन, ५० हजार क्षमताको १० देखि १५ वर्षसम्म संरक्षण गर्नसक्ने मध्यमकालीन र प्राकृतिक तापक्रम तथा आद्रतामा अल्पकालीन मौसमी भण्डारण कक्ष रहेका छन् । यहाँ संस्था र व्यक्तिले पनि निःशुल्करूपमा आफ्ना बीउ राख्नसक्ने 'लकर' सुविधा रहेको छ ।

### अब गर्नुपर्ने काम

जिन बैंक प्रमुख डा. शर्माका अनुसार कृषि जैविक विविधताको कुरा गर्दा बाली, पशुपन्छी, घाँसेबाली, कृषि-कीरा, कृषि-सूक्ष्म जीवाणु, जलीय कृषि आनुवंशिक स्रोत गरी छवटा सम्भागलाई नै ध्यान दिनुपर्छ । जिन बैंकले यी छवटै सम्भागलाई हेरेर १०१ असल अभ्यास भनेर काम गरिरहेको छ । सरकारले कृषि दशकसमेत घोषणा गरेको अवस्थामा अब सरोकार भएकाहरूले रैथाने कृषि स्रोतले खान पुग्दैन भन्ने भाष्य बदल्दै आयातीतभन्दा हाम्रै माटो, भूगोल र हावापानी चिनेको स्रोतमा सम्भावना छ भनेर आशा जगाउनुपर्ने डा. शर्माको भनाइ छ ।

'यसमा पनि कृषि र गैरकृषि स्रोतहरू छन्, हालसम्म गैरकृषि स्रोतमा बजेट, तोकिएको जनशक्ति, संरक्षण क्षेत्र, निकुञ्जलगायतको पर्याप्त व्यवस्था गरिएको छ । कृषि स्रोतमा भने न बजेट, न शिक्षा, न त मौलिक ज्ञानलाई प्रोत्साहन नीति छ,' उनी भन्छन्, 'त्यसै कारण किसान र कृषि क्षेत्र समस्यामा छ । किसानका ग्राहक धेरै हुनुपर्नेमा किसानलाई धेरै ठाउँमा ग्राहक बन्ने उल्टो बाटो बनेको छ । पसलमा बेचेर करोडपति बन्ने तर किसानका उत्पादन नै नबिकेर थप दुःखी बन्ने अवस्था छ, यसलाई सुधार्ने गरी काम गर्नुपर्छ ।'

त्यसका लागि डा. शर्मा तीनवटा काम गर्नुपर्ने आवश्यकता औंल्याउँछन् । पहिलो, सरकारले स्थानीय र रैथाने कृषिउपजको पहिचान गरी त्यस्ता स्रोतलाई विना कर स्वतः किनबेचको व्यवस्था गर्ने । दोस्रो, किसानको घरघरलाई पसलका रूपमा विकास गर्ने नीति बनाउने र कृषि मार्टहरूमा ६०/७० प्रतिशत रैथाने स्रोत हुनुपर्ने मापदण्ड बनाएर लागू गर्ने र रैथाने स्रोतमा अनुसन्धान, त्यसको प्रयोग र विस्तारका लागि लगानी बढाउने तथा शिक्षामा जोड दिने । तेस्रो, देशमा कम्तीमा तीनवटा कृषि राष्ट्रिय निकुञ्ज स्थापना र रैथाने कृषि प्रवर्द्धनका लागि कृषि राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्ने ।

यस्तै, नेपालमा हाल ७५ वटा सामुदायिक जिन बैंक स्थापित छन्, तीमध्ये करिब ५५ वटा क्रियाशील छन् । गाउँघरमा पाइने स्थानीय जातहरूको संरक्षण तथा कृषकको सहज पहुँच पुग्नेगरी समुदायका किसानहरू नै मिलेर यस्तो अभ्यास गर्ने गरिएको छ । यिनले आफ्नो क्षेत्रमा पाइने बाली, घाँसेबाली, जलीय कृषिवस्तु, पशुपक्षी, किरा, सूक्ष्म जीवाणुको आणुवंशिक विविधता संरक्षण तथा उपयोगमा योगदान गरिरहेका छन् । यी बैंकलाई थप व्यवस्थित गर्दै स्थानीय स्रोत, सीप र ज्ञानको सदुपयोग गर्नुपर्ने आवश्यकता रहेको सामुदायिक बीउ बैंक संघ नेपालकी अध्यक्ष पार्वती भण्डारीको भनाइ छ ।

उनी नेपालका रैथाने बालीको संरक्षणका लागि सामुदायिक रूपमा निकै जागरण आएकाले अब यही स्रोतमार्फत आत्मनिर्भर बन्न सकिन्छ भन्ने सन्देश फैलाउन जरुरी रहेको बताउँछिन् । 'हामा रैथाने स्रोतमाथि विभिन्न कारणले संकट आएको छ तर सरकार, सरोकारवाला सबैले यो संकटको सामनाका लागि काम नगरी हुँदैन भन्ने सोचको पनि विकास भएको छ,' उनी भन्छिन्, 'यसलाई उपयोग गर्दै रैथाने बीउ संरक्षण, त्यससँग जोडिएका ज्ञान प्रवर्द्धन र पुस्तान्तरण तथा उत्पादनको बजार सुनिश्चिततामा लाग्नुपर्ने आवश्यकता छ ।' *रासस*


**युएइमा रोजगार** कम्पनी : AL NILE AL DHAHABI TECHNICAL SERVICES L.L.C-BRANCH OF ABU DHABI 1

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324809 | चलानी नं. ६०२३८७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Out Door) | 21 | 0 | 1000 | ३७,२६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician Assistant | 20 | 0 | 1000 | ३७,२६२ | | | | | | | |
| 3 | Labour | 16 | 0 | 1000 | ३७,२६२ | | | | | | | |
| 4 | Painter | 10 | 0 | 1200 | ४४,७१४ | | | | | | | |
| 5 | TILE POLISHER | 8 | 0 | 1200 | ४४,७१४ | | | | | | | |

कम्पनी : TOP RIGHT TECHNICAL SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324810 | चलानी नं. ६०२३८७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT TILE LAYER | 5 | 0 | 1000 | ३७,२६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plaster | 3 | 0 | 1200 | ४४,७१४ | | | | | | | |
| 3 | Steel Fixer | 7 | 0 | 1200 | ४४,७१४ | | | | | | | |
| 4 | STONE MASON | 2 | 0 | 1200 | ४४,७१४ | | | | | | | |
| 5 | TILE POLISHER | 3 | 0 | 1200 | ४४,७१४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Permission No. 1676/080/081
INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866
INTREPID LEARN ADAPT EVOLVE

**MAURITIUS मा रोजगार** कम्पनी : MAMMOUTH TRADING CO. LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324799 | चलानी नं. ६०२३८७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 50 | 0 | 17405 | ५२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Tianli Construction Company Ltd

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 323850 | चलानी नं. ६०२३७९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Grade 2) | 60 | 0 | 22330 | ६६,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenter | 30 | 0 | 22330 | ६६,७८५ | | | | | | | |
| 3 | Steel Fixer | 10 | 0 | 22330 | ६६,७८५ | | | | | | | |


अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


License No. : 832/066/67
GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, 9861477936, 9851405368, 9801814417, 9704141922
Tel: +977-1-4960523,4957731, Email : globalreliance03@gmail.com

**मलेसियामा रोजगार** कम्पनी : CHECKERS HYPERMARKET SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324751 | चलानी नं. ६०२२८७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 50 | 0 | 1700 | ५४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

फाइनल अन्तरवार्ता हुने स्थान: एमबिएस भवन, धुम्बाराही चोक, काठमाडौंमा मिति: २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ ।
प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MERIDIAN OVERSEAS PVT. LTD.
Dhumbarahi, Kathmandu, Nepal. Tel. : +977-1-014547371/72, 9851054401, +9779813446458
श्रम इजाजत नं. ६१३/०६२/०६३

**कतारमा रोजगार** कम्पनी : ABBAN CONTRACTING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 317524 | चलानी नं. ६०२३१७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker (Female) | 0 | 1 | 1200 | ४५,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९३,८२४ | | | | | | | |
| 3 | Gen Clean Worker | 0 | 1 | 1100 | ४१,२८३ | | | | | | | |
| 4 | Gen Clean Workers | 1 | 0 | 1100 | ४१,२८३ | | | | | | | |
| 5 | General Supervisor | 0 | 2 | 2500 | ९३,८२४ | | | | | | | |
| 6 | Labour | 5 | 0 | 1000 | ३७,५३० | | | | | | | |
| 7 | Representative | 0 | 1 | 2500 | ९३,८२४ | | | | | | | |
| 8 | Safety Supervisor | 2 | 0 | 2500 | ९३,८२४ | | | | | | | |
| 9 | Sales Superviser | 1 | 0 | 2500 | ९३,८२४ | | | | | | | |
| 10 | Supervisor | 2 | 0 | 2500 | ९३,८२४ | | | | | | | |


अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २४ गते (7th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

प्रभाव दैनिक
रूपशाला

## 'एक्टिङ स्टार'को प्रसारण सुरू

अभिनयमा आधारित रियालिटी शो 'एक्टिङ स्टार'को प्रसारण सुरू भएको छ। शो बिहीबारदेखि एपी वान टेलिभिजन र ओएसआर रियालिटीमा एकसाथ प्रसारणमा आएको हो। केही महिनाअघि नै डिजिटल अडिसन आह्वान गरेर प्रतिस्पर्धीको खोजी गरिएको 'एक्टिङ स्टार' अबदेखि बिहीबार राती ९ बजे नियमित प्रसारणमा आउनेछ। प्रि-जज अडिसन सम्पन्न गरि फिजिकल अडिसन समेत सकिसकेको शोको निर्णायक टिममा निर शाह, अनुप बराल र ऋचा शर्मा रहेका छन्।




शनिबार, १७ जेठ, २०८२ (Saturday, May 31, 2025)

# मिस ग्रान्ड इन्टरनेसनलमा विवाद, उपाधि फिर्ता गर्दै रेचल



**मुम्बई** – मिस वर्ल्डपछि मिस ग्रान्ड इन्टरनेसनलमा नयाँ विवाद सिर्जना भएको छ। रेचल गुप्ताले मिस ग्रान्ड इन्टरनेसनल २०२४ को उपाधि फिर्ता गर्ने निर्णय गरेकी हुन्।

उनले सामाजिक सञ्जालमार्फत उक्त घोषणा गरिन्। त्यसपछि उनले युट्युबमा रुँदै गरेको एउटा भिडियो पनि सेयर गरिन्, जसमा उनले प्रतियोगिताका आयोजकमाथि गम्भीर आरोप लगाएकी छन्।

रेचलले आफ्नो युट्युब च्यानलमा लामो भिडियो अपलोड गर्दै यो ठुलो निर्णय लिनु पछाडिको कारण खुलाएकी छन्। उनले भिडियोमा पछिल्ला केही महिना उनको जीवनको सबैभन्दा कठिन समय भएको जिकिर गरेकी छन्।

उनी अन्तिम पटक उपाधि जित्दा खुसी भएको तर त्यसपछि उनको जीवन नर्क जस्तै भएको बताइन्। पछिल्ला केही महिनादेखि उनी डिप्रेसनमा रहेको र एक्लो महसुस गरिरहेको खुलासा गरेकी छन्। उनले भनिन्, 'मैले धेरै मेहनत गरेर जितेको ताज फिर्ता गर्नु अत्यन्त पीडादायक छ। यस्तो स्थिति त म आफ्नो शत्रुलाई पनि नपरोस् भन्ने चाहन्छु।'

रेचलका अनुसार ताज जित्न उनले मेहनत गरेकी थिइन्। तर बदलामा उनले उत्पीडन र दुर्व्यवहार मात्र पाएको अनुभव गरिन्।

उनले भनिन्, 'म मुस्कानको पछि कति पीडामा थिएँ भन्ने कुरा अब भन्न चाहन्छु। प्रतियोगितामा भाग लिँदा मलाई थाहा थिएन कि देशले भोटका लागि पैसा दिइरहेको थियो, र मिस ग्रान्ड इन्टरनेसनल संगठनले यसलाई खुसी-खुसी स्वीकार गरिरहेको थियो। मलाई थाहा भयो कि हामी भोटका लागि पैसा तिर्न सक्दैनौँ, त्यसैले भोटको मामिलामा प्रतिस्पर्धा गर्न निकै गाह्रो भयो। मसँग भोट किन छैन भनेर अन्तर्वार्तामा सोधियो। मैले अरूजस्तो पैसा खर्च गरेर भोट किनिनँ, तर गल्ती त ती केटीहरूको पनि थिएन, किनभने सबै जित्न चाहन्छन्।'

रेचलले मिस ग्रान्ड इन्टरनेसनल संगठनमाथि पनि गम्भीर आरोप लगाउँदै भनिन्, 'यस्ता स्ट्यान्डर्ड सेट गर्नु संगठनको गल्ती हो। जसले भोट किन्न सक्दैनन्, ती केटीहरूको के दोष ? मलाई जिताउनको एक मात्र कारण थियो, जनताको समर्थन। यो संगठनसँग काम गर्नु साँच्चै असम्भव छ। उनीहरूको व्यवहार पैसामा मात्र केन्द्रित छ। म सत्यका पक्षमा उभिने व्यक्ति बन्न चाहन्छु, जो इमानदारी र चरित्रलाई आफ्नो छविभन्दा माथि राख्छ।'

रेचलले थप भनिन्, 'अक्टोबरमा उपाधि जितेपछि म नोभेम्बर र डिसेम्बरको दुई हप्ता र मार्च महिनाभरि त्यहाँ थिएँ। तर उनीहरूले मलाई आधारभूत सुविधा पनि दिएनन्। जितेपछि मलाई सानो होटल कोठामा राखियो, जहाँ मेरो सुटकेससमेत खुल्न सक्दैनथ्यो। त्यहाँ म एक महिनाभन्दा बढी बस्नुपर्‍यो। मलाई खाना पनि दिएनन्।'

यसअघि रेचलले सामाजिक सञ्जालमा पोस्ट गर्दै उपाधि फिर्ता गर्ने निर्णयको जानकारी दिएकी थिइन्। पोस्टमा उनले लेखेकी थिइन्, 'ताज पहिरिनु मेरो जीवनको सबैभन्दा रमाइलो सपना थियो। तर ताज जितेपछि आएका झूटा वाचा, दुर्व्यवहार र गलत वातावरण अब सहन सक्दिनँ।'

रेचलको यो निर्णयले अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिताका संगठनहरूमा पारदर्शिता, नैतिकता, र व्यवहारसम्बन्धी गम्भीर प्रश्न उठाएको छ।

यता, मिस ग्रान्ड इन्टरनेसनल अर्गनाइजेसन (एमजीआई) ले भने उनको उपाधि रद्द गरेको जनाएको छ। उनलाई संस्थाले एउटा सूचना दिएको छ, जसमा ३० दिन भित्र आफ्नो ताज एमजीआई कार्यालयमा फिर्ता गर्नुपर्ने भनिएको छ। *एजेन्सी*

# गोविन्दको निर्देशनमा फिल्म 'परी'को शुभ मुहूर्त



■ प्रभाव संवाददाता

**काठमाडौं–** गोविन्द गौतमको लेखन तथा निर्देशन रहने फिल्म 'परी'को शुभ मुहूर्त गरिएको छ। शुक्रबार काठमाडौँको कमलादीस्थित गणेश मन्दिरमा स्क्रिप्ट पूजा गरी फिल्मको शुभ-मुहूर्त गरिएको हो।

कार्यक्रममा फिल्मका मुख्य कलाकार किरण केसी, दीपाश्री निरौला, लक्ष्मी गिरी, दीपक अधिकारी, रेणु दुलाल लगायतको उपस्थिति थियो।

कार्यक्रममा किरण केसीले फिल्मको स्क्रिप्ट पक्ष एकदमै राम्रो लागेर काम गर्न लागेको बताए। 'यो फिल्मको स्क्रिप्ट पक्ष त एकदमै राम्रो छ,' उनले भने, 'साँच्चिकै भन्ने हो भने पनि दीपा र हामीले यतिको स्क्रिप्टमा मेहनत गरेका थिएनौँ। जति डिरेक्टर साप गौतमले गर्नुभएको छ।'

दीपाश्रीले फिल्ममा दिनानुदिन निर्माताहरू थपिनु राम्रो भएको बताइन्। फिल्ममा भित्रिएका नवप्रवेशीले मिहिनेत धेरै गर्नुपर्ने उनले बताइन्।

फिल्ममा किरण, दीपा बाहेक अन्यमा प्रियङ्का कार्की, निदेश डिसी, दिगविजय केसी, श्याम राई, घनश्याम गिरी, दीपक अधिकारी, रेणु दुलाल, संगम गौतम, जेशिका पोखरेल, निशा गौतम, अर्नव नागिलालगायतको अभिनय रहनेछ।

फिल्मको छायाङ्कन यही जेठ २८-२९ गतेबाट थाल्ने योजना छ। दोलखा र तनहुँ आसपासमा छायाङ्कन हुने फिल्म काल्पनिक परिको कथामा बन्न लागेको हो।

बाबु श्रेष्ठको छायाङ्कन रहने फिल्ममा कविराज गहतराज र रामजी लामिछानेको कोरियोग्राफी रहनेछ। फिल्ममा द्वन्द्व रोशन श्रेष्ठ, सङ्गीत दीपक शर्मा र विकास चौधरीको रहनेछ। फिल्मका प्रोजेक्ट म्यानेजर सुवास काफ्ले रहेका छन्।



# नेपाल एमेच्योर ओपन गल्फ च्याम्पियनसिप गोकर्णमा हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल गल्फ संघको आयोजनामा नेपाल एमेच्योर ओपन गल्फ च्याम्पियनसिपको ११औं संस्करण मंगलबार देखि बिहीबारसम्म गोकर्ण फरेष्ट गल्फ क्लबमा हुने भएको छ।

५४-होलको तीन दिने प्रतियोगितामा नेपालसहित बंगलदेश, श्रीलंका, भुटान र भारतका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

पुरुषतर्फ व्यक्तिगत र टिम स्पर्धा हुनेछ। टिम स्पर्धामा प्रत्येक टोलीका दुई खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। आयोजक राष्ट्र नेपालले दुई टोली सहभागी गराउनेछ। ३६ होलपछिको संयुक्त स्कोरका आधारमा विजेता घोषणा गरिनेछ।

व्यक्तिगत स्पर्धामा ३६ होलपछि कट लागु गरिनेछ। सहभागी खेलाडीमध्ये उत्कृष्ट ६० प्रतिशतले अन्तिम १८ होलको लागि स्थान सुरक्षित गर्नेछन्। महिला स्पर्धामा नेपाल र भारतका खेलाडीहरूको सहभागिता रहनेछ।

प्रतियोगितामा हालसम्म ४५ पुरुष र १० महिला गल्फरको सहभागीता रहने निश्चित भएको आयोजक संघले जानकारी दियो। आइतबारसम्म नाम दर्ता गर्न सकिने छ।

यो प्रतियोगितालाई वर्ल्ड एमेच्योर गल्फ र्‍याङ्किङ (डब्लुएजिआर) ले मान्यता दिएको छ। प्रतियोगितामा सहभागी खेलाडीले र्‍याङ्किङ अंक समेत प्राप्त गर्नेछन्।

प्रतियोगितालाई राष्ट्रिय खेलकुद परिषद्, बागमती प्रदेश खेलकुद विकास परिषद्, गोकर्ण फरेष्ट गल्फ रिसोर्ट, शिखर इन्स्योरेन्स, सिटी एक्सप्रेस मनि ट्रान्सफर, सिटिजन बैंक, होटल मेची क्राउन, हिमालयन एयरलाइन्स, होटल रोयल सिंगी, नेपाल ओलम्पिक कमिटी तथा मेहेन्दो होटल एण्ड स्टुडियो सुइट्सले सहयोग गरेका छन्।

**९औं प्रधानमन्त्री एनभिए कप भलिबल**

# पुलिस र हेल्प नेपाललाई उपाधि

■ प्रभाव संवाददाता



**काठमाडौं–** पहिलो र दोस्रो सेट गुमाएर दबाबमा परेको टिपटप हेल्प नेपाल स्पोर्ट्स क्लबले उत्कृष्ट पुनरागमन गर्दै नवौं प्रधानमन्त्री एनभिए कप पुरुषतर्फको उपाधि जितेको छ। हेल्प नेपालले बिहीबार पोखरा रङ्गशालाको कभर्ड हलमा भएको फाइनलमा गण्डकी प्रदेशलाई २५-२०, २७-२५, २५-२२, २५-१४ र १५-८ ले हरायो। हेल्प नेपालले आठ लाख र उपविजेता गण्डकी प्रदेशले चार लाख पुरस्कार पाए।

नेपाल भलिबल सङ्घको आयोजनामा भएको प्रतियोगिताअन्तर्गत महिलातर्फको उपाधि नेपाल पुलिस क्लबले न्यु डायमन्ड स्पोर्ट्स क्लबलाई २५-२०, २२-२५, २८-२६ र २५-१४ हराएर हासिल गर्‍यो। पुलिसले आठ लाख र न्यु डायमन्डले चार लाख रुपियाँ पुरस्कार पाए।

नेपाल पुलिस क्लब पुरुषतर्फ तेस्रो भएको छ। पुलिसले त्रिभुवन आर्मी क्लबलाई २७-२५, २५-२०, २३-२५ र २५-१४ ले हरायो। महिलातर्फ थाइल्यान्डका तीन खेलाडी सम्मिलित एभरेस्ट भलिबल क्लबले नेपाल एपिएफ क्लबलाई २५-१८, १०-२५, २५-१३, २९-२७ ले हराएर ते स्रो स्थान हासिल गर्‍यो। प्रतियोगितामा पुरुषतर्फ आठ र महिलातर्फ छ टिम सहभागी थिए। प्रतियोगितामा महिलातर्फ उषा भण्डारी (नेपाल पुलिस क्लब) र पुरुषतर्फ बुयाराम राजा (हेल्प नेपाल) सर्वोत्कृष्ट खेलाडी बने।

पुलिस र न्यु डायमन्ड नेपालमा हुने काभा महिला क्लब च्याम्पियनसिपमा छनोट भएका छन् भने पुरुषतर्फको विजेता हेल्प नेपालले माल्दिभ्समा हुने काभा क्लब च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गर्ने भएको छ।

# यु-१४ विद्यालय खेलकुद जेठ २२ गतेदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं** – यु-१४ विद्यालय खेलकुद जेठ २२ गतेदेखि सुरु हुने भएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा हुने प्रतियोगिता २६ गतेसम्म हुन लागेको हो।

बालबालिकाको खेल प्रतिभाको खोजी गर्ने उद्देश्यबाट आयोजना हुन लागेको प्रतियोगितामा विभिन्न ६ वटा खेल समावेश गरिएको राखेप प्रतियोगिता विभाग प्रमुख मीनकुमार शर्माले जानकारी दिए।

एथलेटिक्स, टेबल टेनिस, बास्केटबल रग्बी, ब्याडमिन्टनका छात्र/छात्रा र क्रिकेटमा छात्रको मात्र खेल हुनेछन्। प्रतियोगिताको उद्घाटन जेठ २२ गते हुने छ। एथलेटिक्स र रग्बी २२ र २३ गते रंगशालामा हुने छन्। सोही मितिमा ब्याडमिन्टन देवीनगर हल बानेश्वर, टेबल टेनिस लैनचौर र बास्केटबल राखेप कभर्डहल त्रिपुरेश्वरमा सञ्चालन गरिने भएको छ। यस्तै, छात्र क्रिकेट भने २२ गते देखि २६ गते सम्म मूलपानी क्रिकेट मैदानमा सञ्चालन गरिने शर्माले जानकारी दिएका छन्।

एथलेटिक्सको ट्याकतर्फ एक सय, दुई सय ४ सय र ८ सय तथा ४ ह १०० मिटर रिले दौड र लङ जम्पमा प्रतिस्पर्धा हुने छन्। टेबल टेनिस र ब्याडमिन्टनमा छात्र/छात्रा सिंगल तथा डवल्समा प्रतिस्पर्धा हुने मीनकुमार शर्माले जानकारी दिएका छन्। यस्तै, बास्केटबल छात्र/छात्र ३ ह ३ र रग्बीको छात्र/छात्राका प्रतियोगिता हुनेछन्।



इजिप्टको कलयुबिया गभर्नरेटमा रहेको ग्रेन साइलो कारखानामा गहुँको गुणस्तर जाँच गर्दै मानिसहरू । तस्विरः सिन्हवा

# दुई महिनापछि म्याराडोनाको मुद्दा खारेज

**सान इसिड्रो (अर्जेन्टिना)–** हप्तौंको सुनुवाइ र ४० भन्दा बढी साक्षीको गवाहीपछि अर्जेन्टिनाको अदालतले बिहीबार एक टिभी मिनिसिरिजको स्क्याण्डलका कारण दिवंगत महान् फुटबल खेलाडी डिएगो म्याराडोनाको चिकित्सक टोलीको मुद्दालाई रद्द गरेको छ ।

सन् २०२० मा म्याराडोनाको मृत्युमा कथित चिकित्सा लापरवाहीका कारण पहिलेदेखि नै ढिलाइ भएको यस मुद्दामा तीन नयाँ न्यायाधीशसहित नयाँ मुद्दा सुरुदेखि नै सुरु गर्नुपर्ने छ । न्यायाधीश जुलिएटा माकिन्टाच यस मुद्दाका बारेमा वृत्तचित्र मिनिसिरिजमा संलग्न भएको र यसले नैतिकताका धेरै नियमहरू उल्लंघन गरेको हुनसक्छ भन्ने कुरा खुलासा भएपछि उनी यस हप्ता मुद्दाबाट राजीनामा दिन बाध्य भए ।



उनका सहकर्मी न्यायाधीश म्याक्सिमिलियानो साभारिनोले माकिन्टाचको व्यवहारले म्याराडोनाका छोराछोरीलगायत साक्षीहरूबाट घण्टौं पीडादायी, कहिलेकाहीं अश्रुपूर्ण गवाही सुनेको कारबाहीमा 'पूर्वाग्रह उत्पन्न' गरेको भन्दै बिहीबार मुद्दा रद्द गरे । 'म शान्त छैन । म रिसाएको छु । म तिनीहरूलाई घृणा गर्छु !,' फुटबल खेलाडीकी छोरी जाना म्याराडोनाले बिहीबार अदालतबाहिर पत्रकारहरूलाई भनिन् । पूर्वसाझेदार भेरोनिका ओजेडाले घटनालाई 'अपमानजनक' भनेका छन् । तर उनले भने, 'यदि मैले यो (गवाही) हजारपटक बढी गर्नुपर्‍यो भने, म गर्ने छु ।'

विश्वको सबैभन्दा महान् खेलाडीमध्ये एक मानिने म्याराडोनाको सन् २०२० नोभेम्बरमा मस्तिष्कको शल्यक्रियाबाट निको हुँदै गर्दा ६० वर्षको उमेरमा निधन भएको थियो । शल्यक्रिया गरेको दुई हप्तापछि उनको हृदयाघात र तीव्र पल्मोनरी एडेमाबाट मृत्यु भएको पाइएको थियो । पल्मोनरी एडेमा भनेको यस्तो अवस्था हो जहाँ फोक्सोमा तरल पदार्थ जम्मा हुन्छ ।

उनको सात सदस्यीय चिकित्सक टोली उनको घरमा स्वास्थ्यलाभको अवस्थाका लागि मुद्दामा छ, जसलाई अभियोजकहरूले गम्भीर लापरवाहीका रूपमा वर्णन गरेका छन् ।

### डिभाइन जस्टिस

मार्च ११ मा सुरु भएको मुद्दामा अभियोजकहरूले पूर्वफुटबलरलाई उनको मृत्यु हुनुअघि 'लामो, पीडादायी अवधि' का लागि उनको भाग्यमा छोडिएको आरोप लगाए । छोरी जियानिना म्याराडोनाले अदालतलाई उनको बुबालाई 'अँध्यारो, कुरूप र एक्लो' ठाउँमा राखिएको र उनका हेरचाहकर्ताहरू उनको कल्याणभन्दा पैसामा बढी चासो राख्ने गरेको बताइन् ।

त्यसपछि कारबाहीमा अवरोध आयो । माकिन्टाच अनधिकृत फिल्मिङको आरोपमा छानबिनमा आए । माकिन्टाचले कुनै गलत काम गरेको अस्वीकार गरे, तर प्रहरीको छापा र एक हप्ताको कारबाही स्थगनपछि प्रमाणहरू सामने आए जसले ४७ वर्षीया न्यायाधीशको आचरणमाथि प्रश्न उठायो ।

मंगलबार अदालतमा 'डिभाइन जस्टिस' भनिने टिभी कार्यक्रमको ट्रेलर बजाइयो । ट्रेलरमा माकिन्टाचले फुटबल नायकको निधनको गम्भीर विवरणहरू प्रसारण गर्दा उच्च हिलमा न्यायको हलहरूमा हिँडिरहेको गरेको देखाइएको थियो । अदालतभित्र बनाइएको अनधिकृत रेकर्डिङहरू र क्यामरामा माकिन्टाचको अन्तर्वार्ता लिइरहेको देखाइएको उक्त फुटेजले हंगामा निम्त्यायो ।

माकिन्टाचलाई उनको कर्तव्यबाट निलम्बन गरिएको छ र निष्पक्षता आवश्यकताहरू उल्लंघन गरेको, प्रभाव पार्ने र सम्भवतः घुसखोरीको आरोपमा न्यायिक अनुशासनात्मक निकायद्वारा अनुसन्धान भइरहेको छ । अभियोजन पक्ष, उजुरीकर्ताहरू र अधिकांश प्रतिरक्षा वकिलहरूले न्यायाधीशहरूको नयाँ प्यानल नियुक्त गर्न र मुद्दा पुनः सुरु गर्न आग्रह गरेका थिए ।

'मुद्दालाई रद्द गर्नबाहेक अरू कुनै विकल्प थिएन,' अभियुक्तहरूमध्ये एक म्याराडोनाका मनोचिकित्सकका वकिल वादिम मिस्चानचुकले भने । नयाँ मुद्दाको सुनुवाइका लागि कुनै मिति तय गरिएको छैन, तर अभियोजनकर्ताले यो वर्ष पुनः सुरु हुने आशा गरेको बताएको छ । *रासस/एएफपी*

# ट्रम्प–पुटिन–जेलेन्स्की वार्ता गर्न टर्कीको प्रस्ताव

**अंकारा–** टर्कीले शुक्रबार युक्रेनमा तीन वर्षदेखि चलिरहेको युद्धको अन्त्यतर्फ अगाडि बढ्ने प्रयासमा अमेरिकी, रुसी र युक्रेनी राष्ट्रपतिहरूबीच भेटघाटको आयोजना गर्ने प्रस्ताव राखेको छ । किएभ र मस्को दुवैसँग सम्बन्ध कायम राख्न प्रयास गरेको नाटो सदस्य टर्की तीन वर्षभन्दा बढी समयदेखि चलिरहेको युद्ध अन्त्य गर्न सम्झौताका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाबमा मुख्य मध्यस्थकर्ता बनेको छ ।

'हामी इमान्दारीपूर्वक सोच्छौं कि श्री (रेसेप तैयप) एर्दोगानको नेतृत्वमा श्री ट्रम्प, श्री (भ्लादिमिर) पुटिन र श्री (भोलोदिमर) जेलेन्स्कीबीच भेटघाटका साथ पहिलो र दोस्रो प्रत्यक्ष इस्तानबुल वार्तालाई समापन गर्न सम्भव छ,' विदेशमन्त्री हाकान फिदानले किएभको भ्रमणका क्रममा भने ।

'हामी या त यस युद्धको निरन्तरतामा आँखा बन्द गर्न सक्छौं वा वर्षको अन्त्यअघि दिगो शान्ति प्राप्त गर्न सक्छौं, युद्धविराम र शान्तिका लागि अपेक्षाहरू बढेका छन्,' उनले भने, 'जबसम्म हामी वार्ताको टेबलमा रहन्छौं तबसम्म निश्चित



रूपमा प्रगति हुनसक्छ ।

'युक्रेन र रूस सम्भावित वार्ताअघि युद्धविराम चाहन्छन्'

अर्को हप्ता इस्तानबुलमा रुस र युक्रेनबीचको सम्भावित दोस्रो चरणको प्रत्यक्ष वार्ताअघि किएभको भ्रमण गरेका टर्कीका विदेशमन्त्रीले शुक्रबार दुवै पक्षले युद्धविराम चाहेको बताएका छन् ।

किएभ र मस्को दुवैसँग सम्बन्ध कायम राख्न प्रयास गरेको नाटो सदस्य टर्की तीन वर्षभन्दा बढी समयदेखि चलिरहेको युद्ध अन्त्य गर्न सम्झौताका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाबमा मुख्य मध्यस्थकर्ता बनेको छ । रुसले सोमबार आयोजना गर्ने प्रस्ताव गरेको वार्तामा प्रतिनिधिमण्डल पठाउने कि नपठाउने भन्नेबारे किएभले अझै पुष्टि गर्न सकेको छैन ।

सबैभन्दा पहिला रुसले शान्तिका लागि रोडम्यापको आफ्नो दृष्टिकोण साझा गरोस् भन्ने युक्रेनले चाहेको छ । एउटा तथाकथित 'ज्ञापनपत्र' जुन मस्कोले अर्को वार्तामा युक्रेनी प्रतिनिधिमण्डललाई व्यक्तिगत रूपमा मात्र हस्तान्तरण गर्ने बताएको छ । 'वार्ता सुरु हुँदै जाँदा यो मुद्दाले अझ आशावादी मोड लिन थालेको मैले देखेको छु । दुवै पक्ष युद्धविराम चाहन्छन् । कसैले पनि युद्धविराम नचाहेको भनेको छैन,' समाचार एजेन्सी अनादोलुका अनुसार विदेशमन्त्री हाकान फिदानले उनलाई किएभ लिएर गइरहेको ट्रेनमा भने ।

फिदानले यस साताको सुरुमा मस्कोमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग वार्ता गरेको थियो । शुक्रबार किएभ आइपुगेपछि उनले युक्रेनी विदेशमन्त्री एण्ड्री सिबिगासँग भेट गरे र मारिएका सैनिकहरूको स्मारकस्थलको भ्रमण गरे । उनले भोलिपल्ट युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई भेट्ने अपेक्षा गरिएको थियो ।

युक्रेनले दुई महिनाभन्दा बढी समयदेखि रुसलाई पूर्ण, विनासर्त र तत्काल ३० दिनको युद्धविराममा सहमत हुन आह्वान गर्दै आएको छ । यो विचार पहिलोपटक ट्रम्पले प्रस्ताव गरेको थियो । वासिङ्टन र युरोपको दबाबका बावजुद पुटिनले ती आह्वानलाई बारम्बार अस्वीकार गरेको छ भने रूसी सेनाले पूर्वी युक्रेनमा आफ्ना आक्रमणहरू तीव्र पारेको छ । *रासस/एएफपी*

# अमेरिकी अदालतको फैसलापछि ट्रम्प व्यापार वार्तामा 'पूर्ण लगानी' गरेको इयूको भनाइ

**ब्रसेल्स–** अमेरिकी न्यायाधीशहरूले विवादास्पद उपायहरू असंवैधानिक भएको निर्णय गरेपछि व्यापक भन्सार महसुलबाट बच्न संयुक्त राज्य अमेरिकासँग सम्झौता गर्न युरोपेली संघ (इयू) 'पूर्णरूपमा लगानी गरिएको' समूहका व्यापार प्रमुखले शुक्रबार बताएका छन् ।

'हाम्रो समय र प्रयास पूर्णरूपमा लगानी गरिएको छ, किनकि भविष्यमुखी समाधानहरू प्रदान गर्नु इयूको शीर्ष प्राथमिकता बनेको छ । निरन्तर सम्पर्कमा रहँदै छु,' इयू व्यापार आयुक्त मारोस सेफकोभिकले अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकसँग बिहीबार भएको फोनवार्तापछि एक्समा भने ।

तर सेफकोभिकले एटलान्टिकको अदालती नाटकमा कुनै टिप्पणी गरेनन् । बुधबारको निर्णयमा अमेरिकी अन्तर्राष्ट्रिय व्यापार अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पले पदभार सम्हालेपछि घोषणा गरेका अधिकांश भन्सार महसुलहरूलाई रोकेको थियो, तर अर्को दिन पुनरावेदन अदालतले चीन र अन्य व्यापारिक साझेदारहरूमाथि उनका व्यापक आयात शुल्कहरूलाई सुरक्षित राख्यो ।

अब अल्पकालीन राहतले पुनरावेदन प्रक्रियालाई अगाडि बढ्न अनुमति दिने छ । गत हप्ताको तनावपछि दुवै पक्षले वार्ता तीव्र पारेपछि सेफकोभिकले यसअघि शुक्रबार, शनिबार र सोमबार आफ्ना अमेरिकी व्यापार समकक्षीहरूसँग फोन गरेको बताएका थिए ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत शुक्रबार इयूका सामानहरूमा ठूलो भन्सार शुल्क लगाउने धम्की दिए तर पछि इयूसँगको वार्ता 'कहीं नपुगेको' भन्दै निराशा व्यक्त गर्दै स्थगित गरे । *रासस/एएफपी*

# आधा विश्वले जलवायु परिवर्तनका कारण अतिरिक्त गर्मीको सामना गर्‍यो : अध्ययन

**वासिङ्टन–** मानव निर्मित जलवायु परिवर्तनका कारण गत वर्ष विश्वको आधा जनसंख्याले अतिरिक्त एक महिना अत्यधिक गर्मीको सामना गरेको शुक्रबार एउटा नयाँ अध्ययनले देखाएको छ ।

यो निष्कर्षले जीवाश्म इन्धनको निरन्तर दहनले विशेषगरी विकासोन्मुख देशहरूमा कम मान्यता प्राप्त प्रभावहरूका साथ हरेक महादेशमा स्वास्थ्य र कल्याणलाई कसरी हानि पुर्‍याइरहेको छ भन्ने कुरालाई जोड दिएको अध्ययनका लेखकहरूले बताएका छन् ।

'प्रत्येक ब्यारेल तेल जलाउँदा, प्रत्येक टन कार्बन डाइअक्साइड निस्कन्छ र तापक्रमको प्रत्येक अंश, तातो लहरहरूले धेरै मानिसलाई असर गर्ने छ,' इम्पेरियल कलेज लण्डनका जलवायु वैज्ञानिक र प्रतिवेदनका सहलेखक फ्रेडेरिक ओटोले भने ।

विश्व मौसम एट्रिब्युसन, क्लाइमेट सेन्ट्रल र रेडक्रस रेड क्रिसेन्ट क्लाइमेट सेन्टरका वैज्ञानिकहरूले गरेको यो विश्लेषण जुन २ मा ग्लोबल हिट एक्सन डे अघि जारी गरिएको थियो । विश्लेषणले यस वर्ष गर्मीको थकान र तातो स्ट्रोकको खतरालाई उजागर गर्दछ । ग्लोबल वार्मिङको प्रभावको मूल्यांकन गर्न शोधकर्ताहरूले सन् २०२४ मे १ देखि सन् २०२५ मे १ सम्मको अवधिको विश्लेषण गरेका थिए ।

उनीहरूले 'चरम तातो दिनहरू' लाई सन् १९९१ देखि सन् २०२० सम्म दिइएको स्थानमा रेकर्ड गरिएका तापक्रमको ९० प्रतिशतभन्दा तातो दिनहरूका रूपमा परिभाषित गरे । सहकर्मी-समीक्षित मोडलिङ दृष्टिकोण प्रयोग गरेर उनीहरूले त्यस्ता दिनहरूको संख्यालाई मानव कारणले हुने तापक्रम वृद्धिविनाको सिमुलेटेड संसारसँग तुलना गरे ।

परिणामहरू स्पष्ट थिए: विश्वव्यापी जनसंख्याको ४९ प्रतिशत अर्थात् करिब चार अर्ब मानिसले अन्यथाभन्दा कम्तीमा ३० दिन बढी चरम गर्मीको अनुभव गरे । टोलीले यस वर्षको अवधिमा ६७ वटा चरम गर्मीका घटनाहरू पहिचान गर्‍यो र ती सबैमा जलवायु परिवर्तनको छाप फेला पार्‍यो । क्यारेबियन टापु आरुबा सबैभन्दा बढी प्रभावित भएको थियो । त्यहाँ १८७ चरम गर्मी दिन रेकर्ड गरियो । यो जलवायु परिवर्तनविना संसारमा अपेक्षाभन्दा ४५ दिनभन्दा बढी हो । *रासस/एएफपी*


**नेपाल सरकार**

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**राष्ट्रिय अनुसन्धान बिभाग**

**राष्ट्रिय अनुसन्धान मधेश प्रदेश कार्यालय**

**धनुषा, जनकपुरधाम**

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धि सूचना**

**प्रकाशन मितिः २०८२/०२/१७**

यस कार्यालयबाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Name and address of bidder | Bid Amount with PS & (w/o VAT) |
| --- | --- | --- | --- | --- |
| 1 | NIDO/Madhesh/ WORKS/NCB/ 01/2081-082 | Construction of National Investigation Madesh Province Office and District Office Building in Janakpurdham, Dhanusha. | Habitat Construction Engineering Pvt Ltd, Kathmandu | 6,07,50,207.72 |

**कार्यालय प्रमुख**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | १८८५०० | ० | १९८० |

## पर्यटन विकासका लागि नीतिगत सुधार गरिने




■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मुलुकको पर्यटन विकासका लागि नीतिगत र संरचनागत सुधारमा मन्त्रालय केन्द्रित रहेको बताएका छन् । मूल समारोह समितिले बिहीबार आयोजना गरेको ७२औं अन्तरराष्ट्रिय सगरमाथा दिवस तथा 'वर्ल्ड समिटर्स समिट-२०२५' का अवसरमा उनले पर्यटन नीति र पर्यटन ऐन छिट्टै ल्याइने सोही माध्यमबाट पर्यटन विकास गरिने उल्लेख गरे ।

पर्यटनमन्त्री पाण्डेले सरकारले नीति बनाएर निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर लैजाने विश्वास व्यक्त गर्नुभयो । सगरमाथा दिवसलाई आगामी दिनमा थप भव्य र गौरवमय बनाइने उल्लेख गरे ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सगरमाथा हिमालको संरक्षण तथा सरसफाइमा ध्यान दिनुपर्ने खाँचो औंल्याए । उनले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै सङ्घीय सरकारसँग समन्वय गरेर कोशी प्रदेश अघि बढ्ने प्रतिबद्धता जनाए । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले सगरमाथा नेपालको शान, मान र गौरव रहेको भन्दै यसको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गरिनुपर्नेमा जोड दिए ।

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमानुरु शेर्पाले पुरानो पर्यटन ऐनलाई संशोधन गरेर पर्वतारोहणसम्बन्धी कामलाई प्राथमिकतामा राखिनुपर्ने खाँचो औंल्याए ।

'वर्ल्ड समिटर्स समिट' कार्यक्रममा कीर्तिमानी आरोहीहरूको समूहगत छलफल सत्र सञ्चालन गरिएको थियो । कीतिमानी आरोही मिङमा डेबिड शेर्पा, सानु शेर्पा, पूर्णिमा श्रेष्ठ, फुञ्जो लामा, कुञ्जाङ छोपेल शेर्पा, निमा रिञ्जी शेर्पा र दावा तेञ्जी शेर्पाले आरोहण अनुभव सुनाएका थिए ।

सरकारले पर्वतीय पर्यटन क्षेत्रमा योगदान गर्ने विभिन्न व्यक्तित्वहरूलाई सम्मान गरेको छ । सगरमाथा दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले अन्तरराष्ट्रिय सगरमाथा पुरस्कार मिङ्मा ग्याल्जे शेर्पालाई प्रदान गरे । यो पुरस्कारको राशि रु एक लाख र कदरपत्र रहेको छ । अक्सिजनबिना विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गरेर विश्व कीर्तिमान कायम गरेका थिए ।

त्यस्तै रु ५० हजार राशिको तेञ्जिङ हिलारी (अध्ययन तथा अनुसन्धान) पुरस्कार शेर्पा बुकका लेखक प्रदीप बस्याल र अङ्कित अधिकारीलाई प्रदान गरियो भने तेञ्जिङ हिलारी (खोज तथा उद्धार) पुरस्कार लाक्पा नुर्बु शेर्पा र क्याप्टेन मौरिजियो फोलिनीलाई दिइएको छ ।

तेञ्जिङ हिलारी (कीर्तिमानी आरोही) पुरस्कार निमा रिञ्जी शेर्पा र पेमा डोमा महिला आरोही पुरस्कार लाक्पा शेर्पालाई प्रदान गरिएको छ । त्यसैगरी पर्वतीय पर्यटन र पर्वतारोहणका क्षेत्रमा योगदान गर्ने विभिन्न व्यक्तित्वहरूलाई पनि सम्मान गरिएको छ ।

## बजेट कार्यान्वयन नै पहिलो प्राथमिकताः अर्थमन्त्री

■ प्रभाव संवाददाता




**काठमाडौं–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार संसद्मा प्रस्तुत भएको आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनलाई आफूले पहिलो प्राथमिकता राखेर काम गर्ने बताएका छन् ।

शुक्रबार अर्थ मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०८२/८३ को बजेट सम्बन्धमा आयोजित पत्रकार सम्मेलनमा अर्थमन्त्री पौडेलले बजेट कार्यान्वयनका लागि साउन नकुर्ने र शुक्रबारैबाट कार्यान्वयन प्रक्रिया थालनी गर्ने बताएका हुन् ।

'बजेट कार्यान्वयनको प्रश्न चुनौतीपूर्ण छ । यो बजेट नागरिकको कान पवित्र गर्नका लागि ल्याइएको होइन । यसको प्रभावकारी कार्यान्वयन हुन्छ । आजैदेखि बजेट कार्यान्वयनमा मेरो ध्यान केन्द्रित हुनेछ', उनले भने, 'बजेटको व्यवहारिक र वस्तुनिष्ठ कार्यान्वयन कार्ययोजना बनाउने कामका अर्थ मन्त्रालय लागिसकेको छ । पूर्वतयारीका काम सकिएका आयोजना कार्यान्वयनका लागि हामी साउन कुर्नै पर्दैन । अहिले नै प्रक्रिया अघि बढाउन सक्छौं ।'

यसपटक बजेटको आकार धेरै महत्वाकांक्षी नरहेको र आम्दानी र खर्चका हिसाबले वस्तुनिष्ठ ढङ्गले आएको अर्थमन्त्री पौडेलले दाबी गरे । बजेटमा पुँजीगत खर्च बढाउने, चालू खर्चलाई निश्चित सीमाभित्र राखिएको र प्रदेश तथा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणको रकम बढाउने नीति लिइएको पनि उनको भनाइ छ ।

बजेटमार्फत राखिएको राजस्वको लक्ष्य आगामी आर्थिक वर्षको अन्त्यसम्म पूरा हुनेमा आशावादी रहेको पनि उनले बताए । आन्तरिक ऋणका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सीमाभित्रै रहेर अनुमान गरिएको पनि अर्थमन्त्री पौडेलले बताए ।

बजेटमार्फत केही नीतिगत सुधारका विषय अघि सारिएको अर्थमन्त्री पौडेलको भनाइ छ । आर्थिक विकास र समृद्धिका लागि वैकल्पिक वित्तमार्फत स्रोत परिचालन गर्ने नीति लिइएको उनले बताए ।

प्रदेश र स्थानीय तहले पनि यथार्थपरक ढङ्गले बजेट ल्याउन सकुन भनेर सोहीअनुसार परामर्श सेवामा सीमा निर्धारण गरिएको अर्थमन्त्री पौडेलको भनाइ छ । राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा र अन्य सुविधासँग जोड्न खोजिएको, डिजिटल भुक्तानीमा लाग्ने मूल्य अभिवृद्धि कर र भन्सार बिन्दुमा अग्रीम आयकर लगाउने गरेकोमा त्यसलाई हटाइएको अर्थमन्त्री पौडेलले बताए ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले बजेटको कार्यान्वयन कसरी अघि बढ्छ र त्यसको नतिजा कस्तो देखिन्छ भन्ने कुरा महत्वपूर्ण हुने बताए । बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि नीतिगत व्यवहारिक र संरचनात्मक सुधारका काम गरिँदै जाने उनको भनाइ छ ।

'बजेट कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका काममा योजना आयोगले सबै मन्त्रालय र निकायसँग समन्वय गर्छ । बजेट कार्यान्वयन कार्ययोजना बनाउन सबै मन्त्रालयसँग चाँडै छलफल सुरु गर्छौं', उपाध्यक्ष अधिकारीले भने । त्यस्तै, आगामी बजेट १६औं आवधिक योजना कार्यान्वयनका लागि केन्द्रित हुने अपेक्षा पनि उनले व्यक्त गरे ।

नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले मौद्रिक नीति व्यवस्थापनसँग सम्बन्धित विभिन्न कानुन बनाउने र बैंक तथा वित्तीय संस्थाको सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने व्यवस्था ल्याइनु सकारात्मक रहेको बताए ।


## 'ग्लोबल स्मार्ट प्लस' एपबाट इ-कम डलर कार्डमा लोड सुविधा

**काठमाडौं (प्रस)–** डिजिटल बैंकिङलाई उच्च प्राथमिकता दिएको ग्लोबल आइएमई बैंकले 'ग्लोबल स्मार्ट प्लस' एपमा आकर्षक फिचर थप गरेको छ । बैंकले सेवाग्राहीलाई थप सहज र प्रभावकारी डिजिटल बैंकिङ सेवा प्रदान गर्ने उद्देश्यले मोबाइल एपमार्फत ई-कम डलर कार्डमा रियल टाइम लोड सुविधा उपलब्ध गराएको हो ।

यससँगै अन्तर्राष्ट्रिय अनलाइन किनमेल तथा सेवा सदस्यता जस्ता कार्यका लागि आवश्यक अमेरिकी डलर आफ्नै मोबाइलबाट सेवाग्राही आफैंले तुरुन्तै कार्डमा लोड गर्न सक्ने भएका छन् । भिसा ब्रान्डको यो कार्ड अन्तर ाष्ट्रिय कारोबारका लागि मान्य हुने बैंकले जनाएको छ ।

रियल टाइम लोड सुविधा उपलब्ध भएसँगै डलर कार्डमा रकम लोड गर्न शाखामा गइरहनुपर्ने झन्झट अन्त्य भएको छ । मोबाइल एपबाट तुरुन्तै रकम लोड गर्न सकिने भएकाले अनलाइन किनमेल, अन्तर ाष्ट्रिय सब्स्क्रिप्सनहरू र अन्य डिजिटल सेवाहरूको भुक्तानी सहजै गर्न सकिन्छ । यसले समय, ऊर्जा र लागतमा बचत गर्नुका साथै विश्वव्यापी अनलाइन कारोबारमा सहज पहुँच प्रदान गर्ने बैंकको विश्वास छ ।

भर्चुअल कार्ड जारी गर्दा सेवाग्राहीले पाँच सय रूपैयाँ शुल्क तिर्नुपर्छ भने नवीकरण शुल्क वार्षिक तीन सय रूपैयाँ तोकिएको छ । मोबाइल बैंकिङमार्फत टप-अप गर्दा भने कुनै




शुल्क लाग्दैन । ई-कम डलर कार्डमार्फत वार्षिक अधिकतम ५ सय डलरसम्म कारोबार गर्न सकिनेछ । सेवा लिन ग्राहकले 'ग्लोबल स्मार्ट प्लस' मोबाइल एप प्रयोग गरी सजिलै अनलाइन आवेदन दिन सक्नेछन् ।

'ग्लोबल स्मार्ट प्लस' एपले बैंकिङ सेवालाई छिटो, सुरक्षित र प्रयोगमैत्री बनाउँदै आएको छ । यस एपमार्फत खाताको व्यवस्थापन, रकम ट्रान्सफर, बिल भुक्तानी, क्यूआर पेमेन्ट, वालेट लोडलगायतका सेवा सहज रूपमा उपलब्ध छन् । अब यसमा थपिएको रियल टाइम डलर कार्ड टप-अप सुविधा विशेष आकर्षणको रूपमा रहने बैंकको विश्वास छ । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

## बाख्राको दूधबाट चिज बनाएर आम्दानी गर्दै गुरुङ

**वालिङ (स्याङ्जा) –** यहाँका एक किसानले बाख्राको दूधबाट चिज बनाएर आम्दानी गर्न थालेका छन् । भिरकोट नगरपालिका-८ ओकादीका डिलबहादुर गुरुङले सानन जातको बाख्राको दूधबाट बनाएको चिज बिक्रीबाट लाखौँ आम्दानी गरिरहेका छन् ।

उनले विसं २०७० मा 'जुना बाख्रापालन फर्म' दर्ता गरी व्यवसाय सुरु गरेका थिए । पछिल्लो समय गुरुङले दूधबाट चिज उत्पादन गरिरहेका छन् । यहाँ अन्य किसानले पनि गाईभैंसीको दूधबाट चिज उत्पादन गरिरहेका बेला ओकादीका गुरुङले भने जिल्लामै पहिलो पटक बाखाको दूधबाट चिज उत्पादन थरेका हुन् । गुरुङको फर्ममा हाल सानाठूला गरी ५२ वटा बाख्रा छन् ।

यी स्थानीय खरी जातको माउ र विदेशी सानन जातको बोकाबीचमा क्रस गराइएका बाख्राहरू हुन् । तीमध्ये १६ वटाले करिब १) लिटर दूध दिन्छन्, त्यसबाट दैनिक डेढ केजीसम्म चिज उत्पादन हुने गरेको छ । यसरी दिनहुँ उत्पादन हुने चिजलाई हरेक साताको एकदिन बजारीकरण गरिरहेको गुरुङले जानकारी दिए ।

'यहाँ उत्पादन भएको चिज पोखराका ठूला होटलहरूमा बिक्री गरिरहेको छु । प्रतिकेजी रु दुई हजारका दरले चिज बिक्री हुने गरेको छ । सुरुमा केही समस्या भए पनि पछिल्लो केही महिनायता मासिक १५) केजी चिज बिक्रीबाट रु तीन लाखसम्म आम्दानी गरिरहेको छु', उनले भने, 'चिजको माग उच्च छ, पुऱ्याउनै सकिएको छैन । उत्पादन वृद्धि गर्नका लागि दुधालु बाख्रा थप्ने तयारीमा छु ।'

बाख्राको दूधबाट चिज बनाउने सीप गुरुङले तनहुँको बन्दीपुरमा सिकेका थिए । त्यहाँ सिकेको सीपलाई घरमै प्रयोगात्मक अभ्यास गर्दै उनले व्यावसायिक उत्पादन गर्न थालेको बताए । हाल उत्पादन भएको चिजलाई थप गुणस्तरीय बनाउने, प्याकेजिङ सुधार र ब्रान्डिङ गर्ने काम भइरहेको गुरुङले बताए ।

विगतमा भारतमा वायरिङसम्बन्धी काम गर्दै आएका गुरुङ अरूको भन्दा फरक व्यवसाय गर्ने सोचसहित स्वदेश फर्किएका थिए । त्यही सोचका साथ विसं २०७० मा १२ वटा बाख्राबाट यो व्यवसायको जन्म भएको हो । 'बाख्रा खरिद तथा खोर निर्माणमा रु तीन लाख ५) हजार लगानी गरेको थिए । युवाहरूका लागि नमूना बाख्रा गाउँ अभियानमा जोडिएर अगाडि बढेको थिए हाल महिनामै सुरुको लगानी जसत आम्दानी गरिरहेको छु', गुरुङले सुनाए । *रासस*

चटयाङबाट बच्न निम्न उपाय अपनाऔं

घरबाहिर हुँदा
- आकाशमा बिजुली चम्किँदा, गड्याङगुडुङ हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौं,
- रुख वा बिजुलीको पोलमुनी नबसौं,
- छाता नओढौं,
- खेतबारी काम नगरौं,
- कुनै ओत नभए दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- भुइँमा लम्पसार परेर नसुतौं ।

घरभित्र हुँदा
- टिभी र कम्प्युटर जस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, बिजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोबाइल स्वीच अफ गरौं,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, भ्याङ, बरन्डालगायतका ग्रील र बार नछोऔं,
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ